# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाज ढुङ्गेयुगबाट विकसित हुदै आजको आधुनिक युगमा गतिशिल अवस्थामा रहेको छ । मानिसहरुले आफ्नो जीवन सुरक्षित बनाउन र लामो समय सम्म बाच्नका लागि धेरै लामो समयदेखि संघर्ष गर्दै आएको पाइन्छ मानिस सुरक्षित र दिर्घजीवी हुनका लागि स्वास्थ्यता प्राप्त गर्नुपर्ने कुरालाई मनन गर्ने गरेको पाइन्छ । त्यस्तै पूर्वीय दर्शन अनुसार शैक्षिक विकास हुने क्रममा शिक्षा र स्वास्थ्यलाई परिपूरकका रुपमा बुझ्ने गरेको छ । जहाँ मठ मन्दिर गुम्बा, बिहार आदिबाट शिक्षा प्रदान गरिन्थ्यो भने योग, ध्यान, व्यायाम, मन्त्र, साधना, जस्ता कुराहरु समेटेको पाइन्छ (अधिकारी र साथीहरु, २०६४) । यस्ता कुराले स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । त्यसपछि मानिसले स्वास्थ्यलाई विभिन्न समयमा अमुल्य सम्पतिको रुपमा स्वीकार गर्न थाले । यसरी परम्परागत रुपमा रोग, भोक, युद्ध दुर्घटना आदिबाट मुक्त भई बाँच्न पाउने अवस्थाको रुपबाट मात्र हेरिने स्वास्थ्य सम्बन्धि दृष्टिकोण हाल आएर आधुनिकतासँगै मानिसको शारिरीक, मानसिक संवेगात्मक आध्यात्मिक सामाजिक लगायतका सम्पूर्ण पक्षमा आधारित रहेर उच्चतम तवरले समाजमा सामाजिकीकरण हुन सघाउने एउटा पक्ष हो भनेर व्याख्या गर्न थालिएको छ । यस सन्दर्भमा स्वास्थ्य सम्बन्धि आधुनिक चिन्तक J.F. Williasm को धारणा यस्तो छ । “स्वास्थ्य भनेको रोग र दुर्वलताबाट मात्र मुक्त नभई शारिरीक, मानसिक र सामाजिक रुपले पुर्ण तन्दुरुस्तिको अवस्था हो” (मुडवरी, २०६५) यसरी विभिन्न कालखण्डहरु पार गर्ने क्रममा स्वास्थ्यलाई एक आयामबाट मात्र नहेरी व्यक्तिगत शारीरिक मानसिक सामाजिक आध्यात्मिक पर्यवरणीय शैक्षिक, आर्थिक लगायतका बहुआयामिक र व्यापक क्षेत्रबाट हेर्ने गरेको पाइन्छ ।

तसर्थ स्वास्थ्य एक व्यापक आयामहरुको क्षेत्र भएकाले यसका अध्ययन क्षेत्रहरु पनि वृहत र व्यापक छन् त्यसै अन्तर्गत विद्यालय स्वास्थ्य कार्यक्रम पनि एक नविनतम आयमको रुपमा स्वास्थ्य क्षेत्रमा रहेको छ । विद्यालय स्वास्थ्य कार्यक्रम विद्यालयले सञ्चालन गर्नुपर्ने एक महत्वपूर्ण कार्यक्रम हो, यस सन्दर्भमा स्वास्थ्य शिक्षा विद्Jesse Helen Haag को भनाई यस्तो छ । विद्यालय स्वास्थ्य कार्यक्रम महत्वपुर्ण संरचनात्मक शिक्षण क्रियाकलाप हो । यसले व्यक्ति वौद्धिक पक्षको मात्र नभै सामाजिक नैतिक र

सामाजिक पक्षको समेत परिवर्तन गर्दछ ।" त्यसैगरी CAHA का अनुसार "वास्तवमा विद्यालय स्वास्थ्य कार्यक्रम स्वास्थ्यपूर्ण विद्यालय वातावरण, उपलब्ध स्वास्थ्य सेवाहरु तथा स्वास्थ्य शिक्षा यी तीन पक्षको अन्तर सम्बन्धको परिणाम हो" त्यस्तै USA को HEDC विद्यालय स्वास्थ्य कार्यक्रमलाई यसरी परिभाषित गरेको छ ।" विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम भन्नाले स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षण र विद्यालयको स्वास्थ्यपूर्ण वातावरण समेत संलग्न गरिएको विद्यालयको एक प्रक्रिया हो जसले विद्यार्थीहरु तथा विद्यालयका सम्पूर्ण स्टाफहरुको स्वास्थ्य सुधार र सुरक्षा गर्ने काममा योगदान पुर्‍याउदछ" (भण्डारी, २०६७)। यसरी हेर्दा विद्यालय स्वास्थ्य कार्यक्रम भन्नाले विद्यालय परिवारमा रहने शिक्षक, विद्यार्थी तथा कर्मचारीहरुको स्वास्थ्य संरक्षण संवर्द्धन र सुधारको लागि विद्यालयको तर्जुमा ागर्ने एक व्यापक कार्यक्रम हो जसमा विद्यालयको समग्र कार्यक्रमकै एक अंशको रुपमा यसलाई विद्यालयले स्वीकार्दै अगाडि बढाइएको छ ।

अब प्रसङ्ग रहयो स्वस्थ्यकर विद्यालय वसाइको जुन विद्यालय स्वास्थ्य कार्यक्रमको एक अभिन्न अङ्गको रुपमा रहेको हुन्छ । स्वास्थ्यकर विद्यालय वसाई भन्नाले खास गरी विद्यालयको भौतिक पक्षलाई इङ्गित गर्दछ जस सन्दर्भमा committee on terminology in health education of America ले यस्तो कुरा उल्लेख गरेका छ ।" स्वास्थ्यकर विद्यालय वसाई भनेको त्यो शब्दावली हो जसले विद्यालयमा सुरक्षित र स्वस्थ्यकर प्रवन्ध गर्न स्वास्थ्यकर विद्यालय समारोह आयोजनागर्न एवं बालबालिकाहरुको अधिकतम संवेगात्मक सामाजिक तथा व्यक्तिगत स्वास्थ्य सम्वन्धि सकारात्मक अन्तरसम्बन्धको स्थापनालाई वोध गराउछ" (वाग्ले, २०६७) । यसरी हेर्दा स्वस्थ्यकर विद्यालय वसाइले विद्यालयको समग्र भौतिक पक्ष लगायत, संवेगात्मक, सामाजिक साथै व्यक्तिगत पक्षलाई समेत समेट्ने गर्दछ । जसमा विद्यालयको जनसंख्या, भविष्यको आवश्यकता समुदायमा उपलब्ध साधन स्रोतहरु असामान्य विद्यार्थी व्यवस्थापन यातायात, फर्निचर, खानेपानी, वगैंचा खेलमैदान आदि समग्र विद्यालय वातावरणसँग सम्बन्धित पक्षको व्यवस्थापन गरी सौहार्द पूर्ण वातावरणमा विद्यालय सञ्चालन हुने वातावरणनै स्वास्थ्यकर विद्यालय वातावरण वा वसाई हो ।

विद्यालय स्वास्थ्य कार्यक्रमको उत्पति यूरोपबाट भएको मानिन्छ किनकी त्यसवेला विद्यालयहरुमा बढ्दै गएको विभिन्न सरुवा रोगहरुको माहामारी र विद्यालय क्षेत्रमा हुने

दुर्घटनाहरुको वृद्धिको कारणवाटनै विद्यालय स्वास्थ्य कार्यक्रमको प्रारम्भ भएको ऐतिहासिक विवरण पाइन्छ (भण्डारी, २०६७) त्यस्तै १८ औ शताब्दिको अन्त्यमा वाभरीयाका विद्यार्थीहरुलाई निशुल्क खाजा कार्यक्रमलाई SHP को पहिलो व्यवहारिक प्रयास मानिन्छ । त्यस्तैगरी यूरोपमा प्रख्यात विद्वान Johan Peter Frank ले SHP सम्बन्धि लेख, रचना तथा समाचारहरु धारावाहिक रुपमा प्रकाशन प्रसारण गरी SHP सम्बन्धमा उल्लेख्य योगदान पुऱ्याएको पाइन्छ , १८३६ फ्रान्सले SHP सम्बन्धि विभिन्न कानुनी व्यवस्था गरेको यसरी क्रमिक रुपमा SHP सम्बन्धि विभिन्न क्रियाकलापहरु हुदै आएको पाइन्छ जसमा स्वीडेनले सन् १८६८ जर्मनिले १८७१, अष्ट्रियाले १८६३ मा यस सम्बन्धि कानुन बनाउने प्रयास गरेको पाइन्छ । त्यस्तै अमेरीकामा सन् १८५० पछि त्यहाँको चर्चद्वारा निर्देशित शिक्षा प्रणालीमा स्वास्थ्य शिक्षालाई समावेश गराउनु आदि (भण्डारी, २०६७) लाई विद्यालय स्वास्थ्य कार्यक्रमको उदाहरण मान्न सकिन्छ । यसरी विद्यालयीय शैक्षिक कार्यक्रमहरुमा विभिन्न तरिकाले स्वास्थ्य शिक्षाले स्थान लिदै जादा हाल आएर SHP समग्र शैक्षिक कार्यक्रमकै एक अभिन्न पक्ष बनेको यथार्थ हामी सामु रहेको पाइन्छ । तसर्थ स्वास्थ्यलाई समग्र शिक्षाको एक आधारभूत उद्देश्यको रुपमा लिइनु, SHP का लागि बजेटको व्यवस्था गर्न थालिनु, विद्यार्थीको आवश्यकता र रुचिअनुसार स्वास्थ्य शिक्षण गरिनु, विद्यालय उमेरका केटाकेटीहरुले स्वास्थ्य समस्याहरु पहिचान गरिनु, संक्रामक रोगहरु नियन्त्रण गर्ने नीति कार्यान्वयन गरिनु , शिक्षकहरुलाई सेवाकालिन स्वास्थ्य शिक्षा तालिमहरुको व्यवस्था गरिनु आदिले समग्र शैक्षिक जगतमा SHP को प्रभावकारितालाई चरितार्थ गर्न सहयोग पुऱ्याएको पाइन्छ । त्यस्तै नेपालको सन्दर्भमा शिक्षा नियमावली २०५९मा पनि बालमैत्री विद्यालय अवधारणा अनुरुप विद्यालयमा भवन कक्षाकोठा शौचालय पुस्तकालय चमेनागृह लगायतका पूर्वाधारहरू व्यवस्था गर्नु पर्ने कुरालाई उल्लेख गर्दै स्वास्थ्यपूर्ण विद्यालय वातावरणमा जोड दिएको छ । नेपालकोसंविधान २०७२ मा समेत बालबालिकाको हक, शिक्षाको हक, सामाजिक न्यायको हक जस्ता कुराहरुलाई समेट्दै विद्यालयहरुमा कुनै पनि बालबालिकाहरुले बिना भेदभाव पढ्न पाउने व्यवस्था उल्लेख छ । त्यस्तै स्वास्थ्यपूर्ण विद्यालय वातावरण निर्माणार्थ नेपाल सरकार शिक्षा मन्त्रालयले विद्यालय छात्रावास निर्देशिका बालमैत्री विद्यालय वातावरण निर्देशिका भवन निर्माण विभागले सार्वजनिक भवन निर्माणका लागि भवन निर्माण ऐन नियमावली लगायतको व्यवस्था गरी स्वास्थ्यपूर्ण विद्यालय वातावरणमा जोड दिदै आएको छ ।

यसरी विश्व शैक्षिक जगतको अभिन्न अङ्गको रुपमा रहेको शिक्षा त्यसै अन्तर्गतको विद्यालय स्वास्थ्य कार्यक्रम र त्यसभित्र पर्ने स्वास्थ्यकर विद्यालय वातावरण सम्बन्धमा आधारित रहेर पुरा गर्ने जमर्को गरिएको प्रस्तुत शोधपत्र प्रशतावनामा विद्यालयको स्वस्थ्यकर वातावरण सम्बन्धमा अध्यापन गर्न भोजपुरको उत्तरी केही गा.वि.स.हरुलाई अध्ययनको क्षेत्रको रुपमा प्रयोग गरिएको छ । जसमा देउराली स्रोतकेन्द्र अन्तर्गतका वोया, साङपाङ र देउराली गा.वि.स.का प्राथमिक विद्यालयहरुको स्वस्थ्यकर विद्यालय वसाई सम्बन्धमा त्यहाको समग्र स्वास्थ्यसँग सम्बन्ध राख्ने विद्यालयको भौतिक पक्षहरु लगायतको अवलोकन साथै, सम्बन्धित शिक्षकहरु विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन (SMC) का पदाधिकारीहरुसँग प्रत्यक्ष अन्तरवार्ता सूचि भराएर र सम्बन्धित गा.वि.स. लगायत बाट आवश्यक तथ्याङ्कहरु सङ्कलन गरी समग्र अध्यायन सम्पन्न गर्दै शोधपत्र तयार गर्ने जमर्को गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यालय जुन ठाउमा एउटा समाजका प्रतिनिधित्व गर्ने एउटा स्थल हो जहाँ विभिन्न धर्म सम्प्रदाय, जात तथा आर्थिक तथा सामाजिक संस्कारका व्यक्तिहरु भेलाहुने गर्दछन् साथै उक्त स्थानबाट समग्र समाजमा बालबालिका जाने आउने गर्ने भएकाले विद्यालय स्वास्थ्यका दृष्टिले संवेदनशील मानिन्छ । त्यस्तै तीव्र संक्रामक रोगहरु तीब्र रुपमा फैलनुमा विद्यालय पनि एक जिम्मेवार पक्ष समेत मानिन्छ । अत विद्यालय स्वास्थ्य पूर्ण हुनु जरुरी छ । शिक्षा ऐन तथा नियमावली, विद्यालय छात्रावास निर्देशिका २०७१, बालमैत्री विद्यालय निर्देशिका, भवन निर्माण ऐन लगायतमा निर्माण स्थल भवन फर्निचर कक्षाकोठा लगायतमा निश्चित मापदण्ड हुँदाहुदै पनि विभिन्न अध्ययनहरुले विद्यालयहरुमा न्युनतम भौतिक पूर्वाधार अनुरुप अपर्याप्त खेल मैदान, जीर्ण भवन, अव्यवस्थित शौचालय, विद्यालयमा सरसफाईको नाजुक अवस्था तथा सरसफाइमा समन्वयका अभाव जस्ता तथ्यहरु देखाएकाले के विद्यालयमा खेल मैदानको अभावै छ त ? विद्यार्थीहरुको अनुपातमा कक्षाकोठा, खेलसामग्री, फर्निचर आदिको पर्याप्तता छ की छैन ? शौचालयको अवस्था के छ ? शुद्ध पिउने पानीका लागि कस्तो व्यवस्था छ ? विद्यालय भौतिक व्यवस्थापनमा स्थानीय सरोकारवाला साथै शिक्षक विद्यार्थी लगायतमा कस्तो समन्वय छ ?आदि जस्ता प्रश्नहरु

उठ्ने गरेकाले विद्यालयको स्वास्थ्यपूर्ण भौतिक अवस्थालाई समस्याको रुपमा लिइ यी र यस्ता प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

भोजपुरको उत्तरी देउराली स्रोतकेन्द्र अन्तर्गतका प्राथमिक विद्यालयमा स्वास्थ्यकर विद्यालय वसाइ सम्बन्धि अध्ययनको उद्देश्य निम्न वमोजिम रहेका छन् :

क) समग्र विद्यालय परिवारमा स्वस्थ्यकर विद्यालय वातावरण सम्बन्धि ज्ञान पत्ता लगाउनु,

ख) प्राथमिक विद्यालयहरुको भौतिक अवस्था त्यसको व्यवस्थापनको अवस्था पत्ता लगाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरु /परिकल्पनाहरु

प्रस्तुत अध्ययन कार्यका दौरानमा तपशिल वमोजिमका प्रश्नहरुको उत्तर खोज्ने परिकल्पना राख्दछ ।

क) विद्यालयका भौतिक वातावरण व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्थाहरुका सम्बन्धमा के कस्तो ज्ञान धारणा छ ?

ख) विद्यालयहरुको फर्निचर भवन खेलमैदान लगायतका भौतिक संरचनाहरुको अवस्थाहरु के कस्तो छन् ?

ग) विद्यालयहरुमा नीति निर्देशिका अनुरुपका विद्यालय स्थल भवन निर्माण भएका छन् त?

घ) विद्यालयहरुमा विद्यार्थी मैत्री र पर्याप्त फर्निचरहरूको व्यवस्था छ कि छैन ?

ङ) विद्यालयहरूमा कक्षा कोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

च) शौचालय र धारो उपयुक्त स्थानमा छ कि छैन ?

छ) धारो तथा शौचालयको प्रयोगको स्थिति के छ ?

ज) चमेनागृह र त्यसको प्रयोगको स्थिति के छ ?

## १.५ अध्ययनको परिसीमा

अध्ययन सीमित स्रोत साधन वा निश्चित दायरा भित्र रहेर सम्पन्न गरिएको हुँदा यस अध्ययन निम्न बमोजिममा सीमितरहेको छ ।

क) अध्ययन स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक पाठ्यभार पुरा गर्ने उद्देश्यमा सीमितरहेको छ ।

ख) अध्यायन भोजपुर जिल्लाको देउराली स्रोतकेन्द्र अन्तर्गतका ३ गा.वि.स. वोया, साङपाङ र देउरालीका प्राथमिक विद्यालयहरुमा मात्र सीमितरहेको छ ।

ग) अध्ययन उल्लेखित गा.वि.सका प्राथमिक विद्यालयहरुका स्वास्थ्यकर विद्यालय वातावरण सम्बन्धि अध्ययनमा मात्र सीमितरहेको छ ।

ङ) अध्ययन, अध्ययनकर्ताले तयार गरेको सीमित स्रोत, साधन र प्रविधिमा मात्र सीमितरहेको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र अवधाराणात्मक ढाँचा

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विद्यालयको भौतिक स्वास्थ्य सम्बन्धि अध्ययन गर्नको लागि तयार गरिएको उल्लेखित शीर्षकसँग सम्बन्धित हुने तपसिलका सर्वमान्य दस्तावेजहरुलाई सैद्धान्तिक आधार बनाइएको छ ।

प्रस्तुत अध्ययनलाई व्यवहारिक र मूर्त बनाउन रसियन दार्शनिक भिगोत्स्कीको निर्माण वादी सिद्धान्तसँग जोडेर हेर्न सकिन्छ । भिगोत्स्कीको निर्माण वाद मार्क्सवाद वाट प्रभावित दर्शन हो मार्क्सवादका अनुसार प्रत्येक समाजका व्यक्तिहरुले (श्रमिक) सिकाइ सिक्ने आधार उनीहरूको संस्कृति हो (शर्म, २०६८) यस बाट के बुझ्न सकिन्छ भने जो व्यक्ति जस्तो वातावरण रहनसहन, भौगोलिक अवस्था संस्कृति या संगतमा हुर्कन्छ सोही अनुरुपको सिकाइ उसले ग्रहण गर्दै जान्छ । सिकाइ सम्बन्धमा (भण्डारी, २०५८) मा यस्तो कुरा उल्लेख छ "सिकाइ भनेको प्राणिले आफ्नो आवश्यकता पूर्ति गर्न र वातावरणमा आफूलाई समायोजन गर्ने सम्बन्धमा आफ्नो व्यवहारमा ल्याउने परिवर्तन हो" सिकाइका लागि अभ्यास आवश्यक छ । अत कुनैपनि विभिन्न तरिकाले देखेर सुनेर, भोगेर, गरेर, जस्ता क्रियाद्वारा आफ्नो व्यवहारमा परिवर्तन ल्याउछ भने साधारण रुपमा त्यसलाई सिकाइ भनिन्छ । त्यसकालागि व्यक्ति/प्राणीले जस्तो खालको वातावरण प्राप्त गर्छ वा जस्तो वातावरणमा उ हुर्कन्छ त्यसैले उसको सिकाइमा प्रभाव पार्दछ । तसर्थ सिकाइका लागि व्यक्तिलाई सिक्ने स्थानको उपयुक्त भौतिक वातावरण हुनु जरुरी छ ।

स्वास्थ्य र सुरक्षित विद्यालय वालमैत्री विद्यालय शीर्षकको विद्यालय स्वास्थ्य र सुरक्षा पोस्टर ४ मा नेपाल सरकार शिक्षा मन्त्रालय यूनिसेफ विश्वशिक्षा र बालमैत्री विद्यालयले सुरक्षित वा विद्यालय वालमैत्री हुन खेल मैदान सुरक्षित एवं फराकिलो हुनुपर्ने, विद्यालय वरिपरि हरियाली एवम् सुन्दर वगैचा हुनुपर्ने, विद्यालयमा तारवार, घेरावार शौचालय र पानीको व्यवस्था हुनुपर्ने, विद्यालय भवन भुकम्प निरोधक हुनुपर्ने कक्षाकोठा प्रसस्त हावा, प्रकाश छिर्ने खालको हनुपर्ने साथै विद्यालयमा बालबालिकालाई कुनै पनि

अप्ठ्यारो पर्ने जस्तो छुवाछुत , गिज्याउने अपशब्द बोल्ने लगायतका कार्य गर्न नहुने कुरा उल्लेख गरिएको छ ।

नेपाल सरकार शिक्षा मन्त्रालयको विद्यालय छात्रावास निर्देशिका २०७१ मा पनि विद्यालयमा छात्रावास सञ्चालनका लागि न्यूनतम आधार तथा मापदण्ड पाइयो जसका लागि व्यवस्थित भवन, स्थान, परिसर घेरावारा, बसाइ व्यवस्थापन, शौचालय, प्रतिक्षालय, खेलकुद तथा मनोरञ्जनको उचित व्यवस्थापन, व्यवस्थित पुस्तकालय, सञ्चार लगायतका भौतिक पक्ष सवल हुनुपर्ने उल्लेख गरिएको छ (शिक्षा मन्त्रालय,२०७१) ।

नेपाल सरकार राष्ट्रिय योजना आयोगद्वारा २०७१ असारमा प्रकाशित गरेको नेपालको तह्रौ  त्रिवर्षीय योजनामा विद्यालय र स्वास्थ्य सम्बन्धि कुरालाई शैक्षिक व्यवस्थापन शीर्षकमा पुस्तकालय व्यवस्थापन, सञ्चार साधनहरुको विकास र विस्तार गर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ । जसमा वालविकास खेलकुद विकास शैक्षिक विकास लगायतका शिर्क्षकहरुमा आधारित रहेर समग्र योजना प्रस्तुत गरिएको छ (नेपाल सरकार, २०७१) ।

नेपालको संविधान २०७२ द्वारा विभिन्न मौलिक हक हरु शिक्षा स्वास्थ्य, बालबालिका सम्बन्धि हकहरुको व्यवस्था गर्दै प्रत्येक व्यक्ति (बालबालिका) हरुले विद्यालयमा विनाविभेद स्वतन्त्रता पूर्वक अध्ययन गर्न पाउने कुराको व्याख्या गरिएको छ (नेपाल सरकार, २०७२) ।

त्यसैगरी शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिमको अनुसूची ३ मा पनि विद्यालय सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारहरु सम्बन्धमा उल्लेख गरिएको छ - शिक्षा मन्त्रालय, २०५९) ।

## २.२ अनुभवजन्य खाका

स्वास्थ्यपूर्ण विद्यालय वातावरण सम्बन्धि प्रस्तुत शोधकार्यका लागि यसै शीर्षकसँग सुहाउदा अप्रकाशित तर उक्त विषयसँग सम्बन्धित विभिन्न दस्तावेज तथा खाकाहरुलाई अनुभवजन्य खाका वा सम्बन्धित साहित्यको रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

edukhabar.com मा डा. रोजनाथ पाण्डेले सुरक्षित विद्यालय अवधारणा भन्ने लेखमा सुरक्षित विद्यालय भन्नाले केही यसका सवल पक्ष दुर्वल पक्ष सुधारात्मक पक्षहरु त्यस्तै सुरक्षित विद्यालयको अवधारणा इतिहास विश्वमा साथै दक्षिण एसिया र नेपालमा यस सम्बन्धमा भएको प्रयास लगायतको चर्चा गर्नु भएको छ । जसमा प्राकृतिक प्रकोप पछि र अघि को स्वास्थ्य साथै स्वास्थ्य भौतिक वातावरण अन्तर्गत सरसफाइ स्वच्छ खानेपानी, पानी सहितको व्यवस्थित शौचालय उचित प्रकाश, हाला, आवाज, नियन्त्रण आदि जस्ता पक्षलाई सुरक्षित विद्यालयमा समेट्न सकिने भनिएको छ त्यस्तैसुरक्षित विद्यालय अवधारणा अन्तर्गत विगतमा भएका राम्रा अभ्यास तथा रष्ट्रिय र अन्तराष्ट्रिय अध्ययन तथा अनुसन्धानलाई नेपाली भूगोल तथा संस्कृति अनुकूल उपयोग गर्ने नीति ल्याउनुपर्ने दक्षिण एसियामा नेपालले यस सम्बन्धमा नेतृत्वकारी भूमिका खेल्नु पर्ने, दैवी विपत्ति लगायतको चुनौतिलाई सामनागर्दै प्राप्त अवसरको उपयोग गरी सुरक्षित विद्यालय निर्माण तर्फ लाग्नु पर्ने निश्कर्ष निकालिएको छ ।

शुसिल अर्यालले २००६ मै गोर्खामा विद्यालयमा खेलकुद सुविधा र तिनीहरुको व्यवस्थापन शीर्षकमा विद्यालयमा खेलकुद सामग्रीहरुको सुविधाको अध्ययनमा गर्ने उद्देश्यको साथ गरिएको एक अध्ययनमा पनि खेलकुद सामग्री भए पनि विद्यालयको जग्गाको अपर्याप्त रहेको साथै सामान्यतय औसतमा ८:१४ रोपनी जग्गा रहेको लगायत कुरा पत्ता लागेको पाइयो । जसमा सामग्रीहरु पर्याप्त हुँदाहुदै पनि खेलमैदान अप्रर्याप्त हुँदा खेलमैत्री विद्यालय वातावरण हुन नसकेको महशुस गरिएको छ ।

सन् २००६ रेणुका न्यौपानेले स्वास्थ्यपूर्ण विद्यालय वातावरण भन्ने शीर्षकमा भक्तपुर जिल्लाका विद्यालयहरुलाई आधार बनाई विद्यालयको भौतिक सुविधाहरुको उपलब्धता र व्यवस्थापन पत्ता लगाउने उद्देश्यका साथ एक अध्ययन गर्नु भएको साथै सवै विद्यालयहरुमा खेलमैदानको अभाव रहेको पत्ता लगाएको पाइयो । त्यस्तै गरी अधिकांश सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी (छात्रछात्रा) का लागि अलग अलग शौचालयको उपलब्धता भएतापनि निजी विद्यालयको तुलनामा सरसफाइ र मर्मत संभार भने सन्तोषजनक नरहेको निष्कर्ष निकालिएको पाइयो ।

सागर पौडेलको २००६ मा चितवन जिल्लाका विद्यालयहरुको फोहोर व्यवस्थापन र नष्ट गर्ने व्यवहार शीर्षकको शोधपत्र अध्यापन गर्दा  विद्यालयको भौतिक सरसफाइ साथै

फोहोर नष्ट वा व्यवस्थापन गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिले सहयोग नगरेको पाइयो ।

यसरी विभिन्न शोध पत्रहरु अध्ययन गर्दा कुनै ठाउमा जमिन अभावले भौतिक पक्षलाई असर गरेको, कतै स्थानीय साथै विद्यालय व्यवस्थापन समिति लगायतबाट फोहोर व्यवस्थापनमा सहयोग नभएको त कतै खेल सामाग्रीक पर्याप्तता हुँदा हुदै खेल मैदान आदिको अभाव भएको निष्कर्ष पाइयो तसर्थ विद्यालयको जग्गा, खेल सामाग्री, खेल मैदान, फोहोर व्यवस्थापन लगायतका कुराहर विद्यालयको भौतिक पक्ष अन्तर्गत पर्ने भएको र उक्त शोध अध्ययनले आफ्नो अध्ययनमा सहयोग पुग्ने अपेक्षाको साथ अध्ययन गरिएको हो ।

अध्ययन, अनुसन्धान वा शोधकार्य गर्दा माथि उल्लेख गरिएको सम्बन्धित साहित्यहरु जसले अध्ययनलाई सरल बनाउन सहयोग गर्ने विश्वास लिइएको छ । जसमा विभिन्न शोधहरुले पत्तालगाएका कुराहरुलाई अध्ययन गर्दै, त्यसको धरातलमा रहेर वा त्यसले औल्याएका समस्याहरुलाई अध्ययनसँग जोड्दै अध्ययनलाई मुर्त रुप दिइने छ अध्ययन गरिएका शोधहरु , त्यस्तै पोष्टर, वुलेटिनहरुले विद्यालयको स्वास्थ्यपूर्ण वातावरणहरु विभिन्न पक्षलाई व्याख्या गरेका छन् त्यस्तै विद्यालय स्वास्थ्यमा पर्ने तत्वहरु त्यसका क्षेत्रहरु आदिलाई प्रष्टपार्न सहयोग पुऱ्याउदै शोध कार्यकालागि उपयुक्त जग प्रदान गर्ने विश्वास लिइएको छ । त्यसैगरी शिक्षा नियमावली संविधान, निर्देशिका आदिले शोधका लागि मार्ग दर्शन प्रदान गर्ने विश्वास लिएको छु जसले बालबालिकाले विद्यालयमा प्राप्त गर्नुपर्ने भौतिक सुविधाहरु त्यसको व्यवस्थापन लगायतका कुराहरु प्राप्त भएकाले त्यस्ता भौतिक वस्तुहरुको सुविधा र त्यसको व्यवस्थापनमा विद्यालयले गरेका क्रियाकलाप साथै त्यस्ता भौतिक वस्तुहरुको पर्याप्तता, उपयुक्तता, वालमैत्री भएनभएको अध्ययन गर्न सहयोग पुग्ने विश्वास लिएको छु । प्राथमिक विद्यालयहरुको स्वास्थ्यपूर्ण विद्यालय भौतिक वातावरणको अध्ययन गरि शोधकार्य सम्पन्न गरिएको प्रस्तुत अध्ययन कार्यमा भिगोत्स्कीको निर्माण वादी सिद्धान्तसँग जोडेर हेर्ने प्रयास गरिएको छ । जसमा विद्यार्थीले सामाजिक अन्तरक्रियबाट सिक्ने कुरा साथै वातावरणीय अन्तरक्रियाबाट सिक्छन भन्ने जस्ता मान्यता पाइन्छ । अत सिकाइका लागि वालवालीकालाई उपयुक्त सिकाइ वातवारण आवश्यक छ । उनीहरुले घर वा विद्यालयमा जस्तो सिकाइ वातावरण प्राप्त गर्दछन् सोही अनुरुपको सिकाइ गर्दछन् । त्यसकारण बालबालिकाहरुको मानिसक विकास गर्ने थलो वा सिकाई शिक्षण गर्ने संस्था

स्वास्थ्य पूर्ण , सकारात्मक र वालमैत्री हुनु पर्ने जसरी छ । जसकालागि विद्यार्थी मैत्री भवन, फर्निचर, खेल सामग्री खेल मैदान, शौचालय, खानेपानी, पुस्तकालय, चमेनागृह लगायतका तत्वहरु बालबालिकाको उमेर, क्षमता, स्तर, अनुसारका हुनुपर्दछ । साथै त्यसले सिकाइमा सकारात्मक प्रभाव पार्न सक्नुपर्दछ । जुन विद्यालयमा सिकाइ उपयुक्त वातावरण हुदैन , फोहोर मैला, विभिन्न किसिमका विभेदहरु जस्ता वातवारणमा बालबालिका यदि हुर्कदै गएभने पक्कै पनि त्यसले सिकाइमा प्रभाव पार्दछ । त्यसकारण सिकाइका लागि बालबालिकालाई सामाजिक वा व्यक्तिगत वातावरणका आधारमा सिकाई हुने, सामाजिक वा व्यक्तिगत साथ संगतका आधारमा सिकाइहुने सामाजिक उत्पतिले सिकाइका लागि आधार गर्दछ । त्यसै अनुरुप सिकाइ वा शिक्षण गर्ने एउटा सानो समाज विद्यालय हो र त्यसको भौतिक वातवारण वालमैत्री, सिकाइमा सकारात्मक प्रभाव पार्ने किसिमको हुनु जरुरी रहेकाले भौतिक वातावरण सम्वन्धी अधययनका लागि भिगोत्स्कीको निर्माणवादी सिद्धान्तलाई उपयुक्त मानिएको छ ।

## २.४ अवधाराणात्मक ढाँचा

माथि उल्लेखित सैद्धान्तिक जगमा उभिएर अध्ययनको विषय वस्तुलाई जोड्न सकिन्छ । सिद्धान्त अनुसार सिकाई व्यवहार परिवर्तन, अनुभवनजन्य कार्य, सामाजिक अन्तरक्रियाको उपज हो जस्ता कुरामा जोड दिएको पाइन्छ । त्यस्तै गरी माथि उल्लेखित सम्पूर्ण क्रियाकलाप सञ्चालन गर्ने थलो विद्यालय हो ।

उपयुक्त सिकाइका लागि स्वस्थकर वातावरण निर्माणका सहयोगी पक्षहरु

भवन फर्निचर खेलसामग्री खेलमैदन धारा शौचालय चमेना गृह

स्वास्थ्यपूर्ण विद्यालय भौतिक वातावरण

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

स्वास्थ्यपूर्ण विद्यालय वातावरणको अवस्था सम्बन्धि प्रस्तुत अध्ययन व्याख्यात्मक र परिमाणात्मक ढाँचा अपनाएर सम्पन्न गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या, नमुना र नमुना छनौट प्रक्रिया

यो अध्ययन भोजपुर जिल्लाको वोया साङपाङ र देउराली गा.वि.स.मा सम्पन्न गरिएको भएको हुँदा त्यस क्षेत्रका प्राथमिक तह अध्ययन गर्ने बालबालिका तिनका अभिभावक उक्त विद्यालयहरुमा अध्यायन गराउने शिक्षक, कर्मचारी, वि.व्य.स. पदाधिकारी शि.अ.सं. पदाधिकारी लगायत सम्पूर्ण वासिन्दा र अध्ययनको जनसंख्या मानिने छ ।

त्यसैगरी प्रस्तुत अध्ययन प्राथमिक तहका वाल वालिकाहरु माथि तिनीहरुको विद्यालयमा स्वास्थ्यपूर्ण विद्यालय वातावरण सम्बन्धि अवस्था अध्ययन शीर्षकमा हुने भएकाले वोया साङपाङ र देउराली गा.वि.स. भरिमा रहेका जम्मा २४ वटा प्राथमिक विद्यालयहरु मध्ये उद्देश्यमा आधारित नमुना छनोट प्रक्रिया अपनाएर जम्मा ९ वटा विद्यालय छनोट गरी अध्ययन कार्य सम्पन्न गरिएकोछ साथै उक्त ९ वटा विद्यालयवाट समेत वि.व्य.स.वाट २ जना शि.अ.स. वाट २ जना शिक्षक कर्मचारी वाट २ जना अभिभावक मध्येवाट ८ जना र सम्पूर्ण विद्यार्थीवाट १४ जना साथै स्थानीय अग्रज समाजसेवी तथा विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा सेवी अग्रज वृद्धिजिवीवाट २ जना गरी जम्मा ३० जना व्यक्ति साधारण आकस्मिक नमुना छनोटको आधारमा छनोट गरी अध्ययन कार्य सम्पन्न गरिएकोछ ।

## ३.३ अध्ययनको क्षेत्र

अध्ययन कोशी अञ्चल अन्तर्गत पर्ने पहाडी जिल्ला भोजपुरको उत्तरी क्षेत्रको देउराली स्रोतकेन्द्र वा भोजपरको इलाका नं. ६ मा पर्ने ३ गाविस वोया साङपाङ र देउरालीको परिधि भित्र रहेर सम्पन्न गरिएको हुदा उक्त देउराली स्रोतकेन्द्र अन्तर्गतका गा.वि.स. हरुनै यो अध्ययनका क्षेत्रका रुपमा रहेकोछ ।

## ३.४ तथ्याङ्क सङ्कलन साधन र निर्माण प्रक्रिया

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि निर्धारित उद्देश्य प्राप्त गर्न नमुना छनोटमा परेका व्यक्तिहरुवाट तथ्याङ्क सङ्कलन गर्न, अन्तरवार्ता प्रश्नावली, अवलोकन फारम र डाइरी लेखनलाई प्रमुख साधनको रुपमा लिइएको छ । त्यसका लागि अनुसुन्धानकर्ताले अन्तर्वार्तासूचि र अवलोकन फाराम तथा प्रश्नहरु शिक्षक प्राध्यापक आदिको फारममा निर्माण गरि गरिएकोछ । निर्मित तथ्याङ्क सङ्कलन साधानलाई यसै शोधपत्रको अनुसूचिमा उल्लेख गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन साधनको वैधता

प्रस्तुत शोधकार्यका लागि निर्मित तथ्याङ्क सङ्कलन साधन (अन्तर्वार्तासुची, अवलोकन फारम) लाई वैधता सावित गराउनकालागि सम्बन्धित विषयका अग्रजहरुसँग परामर्श लिने साथै भोजपुर जिल्लाकै श्यामशिला स्रोतकेन्द्र अन्तर्गतका २ वटा विद्यालयहरुमा परीक्षण गरिएको छ । यसरी प्राप्त हुन आउने नतिजाबाट आफ्ना कमि कमजोरी पत्ता लगाई थप सुधार गर्दै साधनलाई प्रमाणित गरी तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययन कार्यसञ्चालनका क्रममा निर्माण गरिएको तथ्याङ्क सङ्कलन साधनको सहयोगमा अनुसन्धान कर्ता नमुना छनोटमा परेका व्यक्तिहरु साथै छनोटमा परेका क्षेत्रमा गएर प्रत्यक्ष रुपमा अन्तार्वार्ता सूचि भराउने साथै निर्माण गरिएको अवलोकन फारम भर्ने साथै अध्ययन क्षेत्रमा देखा पर्ने वा परेका कुरा (जुन अन्तरवार्ता सूचि र अवलोकन फारमले समेट्न नसकेका कुराहरु) डाइरीमा टिपोट गरी अध्ययन सम्पन्न गर्नका लागि तथ्याङ्क सङ्कलनगरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

उल्लिखित प्रक्रिया अपनाएर प्राप्त कोरा तथ्याङ्हरुलाई  व्यवस्थित रुपमा प्रस्तुत गर्न उक्त कोरा तथ्याङ्कलाई मिलान चिन्न प्रयोग गरी संख्यामा वदल्न सकिने तथ्याङ्कलाई संख्या तथा प्रतिशतमा वदल्दै तालिकीकरण तथा संभव हुने तथ्याङ्कलाई चित्र लगायतमा प्रस्तुत गर्दै तथ्याङ्कलाई सरल सहज तरिकाले व्याख्या विश्लेषण गर्दै उद्देश्य प्राप्तिको जमर्को गरिएको छ ।

# परिच्छेद चार : नतिजाको व्याख्या विश्लेषण

भोजपुर जिल्ला देउराली स्रोतकेन्द्र अन्तर्गतका प्राथमिक विद्यालयहरुको भौतिक अवस्थाको अध्ययन गरी तयार गरिएको प्रस्तुत शोधपत्रका लागि भोजपुर जिल्लाका विभिन्न १८ ओटा स्रोतकेन्द्रहरु मध्ये मध्य उत्तरी स्रोतकेन्द्र देउराली स्रोतकेन्द्रमा भएका २३ ओटा विद्यालयहरु मध्ये उद्देश्यमूलक नमुना छनोटका आधारमा ९ ओटा विद्यालयहरु छनोट गरी उक्त विद्यालयका विद्यार्थी शिक्षक वि.व्य.स. तथा शि.अ.स.का पदाधिकारीहरु साथै उक्त स्थानका स्थानीय शैक्षिक सरोकारवाला लगायतबाट समावेश हुने गरी प्रत्येक विद्यालयबाट ३० जनालाई छनोट गरी ९ ओटा विद्यालयका २७० जना जनसंख्यालाई आधार बनाई विभिन्न तथ्याङ्क सङ्कलन साधनहरुको प्रयोग गरी प्राप्त विवरणहरुलाई निम्न बमोजिमका शीर्षकहरुमा व्याख्या विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

## ४.१ स्वस्थ्यकर भौतिक वातावरण संम्बन्धी अवधारणात्मक विवरण

नमूना छनोटमा परेका विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक, वि.व्य.स. तथा शि.अ.स. र सरोकारवालाहरु पक्षसँग विद्यालयको स्वास्थ्य पूर्ण भौतिक वातावरण सम्बन्धमा रहेका ज्ञान, धारणा बुझ्ने उद्देश्यले विभिन्न शीर्षकमा प्रश्नहरु सोधिएको थियो । त्यसमा निम्न बमोजिम विवरणहरु प्राप्त भयो ।

### ४.१.१ अभिभावकहरुको स्वास्थ्यकर भौतिक वातावरण सम्बन्धि ज्ञानको विवरण

स्वास्थ्यकर विद्यालयको भौतिक वातावरण भनेको के हो भनेर अभिभावक, वि.व्य.स., शि.अ.सं. र सरोकारवाला पक्षलाई सोधिएको प्रश्नमा उक्त पक्षबाट निम्न बमोजिमको विवरण पाइयो । जसलाई तालिकामा देखाइएको छ ।

तालिकाः १

अभिभावकहरुको स्वास्थ्यकर भौतिक वातावरण सम्बन्धि ज्ञानको विवरण

| क.सं. | विद्यालयको नाम | पर्याप्त जग्गा भएको | पर्याप्त डेक्स बेन्च भएको | भवन, जग्गा, डेक्स बेन्च धारा शौचालय आदिको राम्रो व्यवस्था भएको | थाहाछैन |
|---|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | २ | ४ | ९ | १ |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | १ | १ | १२ | २ |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | ३ | २ | १० | १ |
| ४ | सिंह देवी प्रा.वि. वोया | ० | १ | १४ | १ |
| ५ | सरस्वती प्रा.वि. वोया | ३ | ३ | १० | ० |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | १ | ३ | ११ | १ |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | ० | ० | १५ | १ |
| ८ | हजारे प्रा.वि. देउराली | १ | ३ | १२ | ० |
| ९ | फालिदाङसिङ्जोर प्रा.वि. देउराली | ० | ० | १४ | २ |
| | जम्मा | ११/७.६३% | १७/११.८% | १०७/७४.३% | ९/६.२५% |

यसरी सम्पूर्ण विद्यालयबाट विद्यार्थी बाहेकका अन्य पक्ष जसमा प्रत्येक विद्यालयबाट १६ जना व्यक्तिलाई सोधिएको प्रश्नमा औषत रुपमा पर्याप्त जग्गा भएको अवस्थालाई भौतिक स्वस्थ्य भन्ने ७.६३ %, पर्याप्त डेक्स बेन्च भएको अवस्था भन्ने ११.८%, पर्याप्त भवन, डेक्स बेन्च, धारा, शौचालय, खेलमैदान लगायतको सुविधा भएको भन्ने ७४.३% र थाहा छैन भन्ने ६.२५% उत्तरदाता रहेको पाइयो । जसमा भौतिक स्वस्थयपूर्ण वातावरण

सम्बन्धमा अभिभावकहरुमा अधिकलाई जानकारी भएको पाइएतापनि करिव २६% लाई सो सम्बन्धमा पर्याप्त जानकारी तथा ज्ञानको अभाव रहेको पाइयो ।

## ४.१.२ बालमैत्री विद्यालय भौतिक वातावरण सम्बन्धि विवरण

विद्यालयको भौतिक वातावरण बालमैत्री हुनुपर्ने हो । त्यसका लागि विद्यालय तथा अभिभावकहरुमा बालमैत्री विद्यालयको भौतिक वातावरण सम्बन्धमा के कस्तो धारणा रहेछ भन्ने उद्देश्यकासाथ बालमैत्री विद्यालय वातावरण भन्नाले के बुझ्नु हुन्छ भन्ने प्रश्न गरेकोमा निम्न अनुसारका विवरणहरु प्राप्त भए जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका : २

बालमैत्री विद्यालय भौतिक वातावरण सम्बन्धि विवरण

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीलाई कुटपिट नगर्ने | नियम बमोजिम बालकेन्द्रित शिक्षण गर्ने | विद्यालयमा नियम बमोजिमका भौतिक पक्षहरु भएको | थाहाछैन |
|---|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | १ | ४ | ११ | ० |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | २ | २ | ११ | १ |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | १ | १ | १३ | १ |
| ४ | सिंह देवी प्रा.वि. वोया | ० | १ | १४ | १ |
| ५ | सरस्वती प्रा.वि. वोया | ० | ० | १५ | १ |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | २ | १ | १२ | १ |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | १ | १ | १४ | ० |
| ८ | हजारे प्रा.वि. देउराली | १ | २ | १० | ३ |
| ९ | फालिदाङसिङ्जोर प्रा.वि. देउराली | १ | ० | १४ | १ |
| | जम्मा | ९/६.२५% | १२/८.३३% | ११४/७९.१६% | ९/६.२५% |

यसरी बालमैत्री भौतिक वातावरण भन्नाले के बुझ्नुहुन्छ भन्ने प्रश्नमा जम्मा ९ ओटा विद्यालयका नमूनामा परेका १४४ जना अभिभावक र शिक्षकहरु मध्येबाट ६.२५% ले विद्यार्थीलाई कुटपिट नगर्ने, ८.३३% ले नियम बमोजिम बालकेन्द्रित शिक्षण गर्ने ७९.१६

प्रतिशतले विद्यार्थीको स्तर र नियम बमोजिमका भौतिक पक्षहरुको व्यवस्था गरिएको र ६.२५% ले थाहाछैन भन्ने उत्तर दिएको पाइयो । जसबाट करिव २१% अभिभावक हरुमा बालमैत्री विद्यालयको भौतिक वातावरण सम्बन्धमा अनविज्ञता रहेको तथ्य पूष्टि भएको छ ।

## ४.२ स्वस्थ्यकर विद्यालयको भौतिक अवस्था सम्बन्धि विवरण

नमूनामा परेका विद्यालयहरुको स्वस्थ्यकर विद्यालय भौतिक वातावरणको अध्ययन गर्दा विद्यालयको जग्गा भवन खेलमैदान शौचालय, धारा, पुस्तकालय, विद्यालय घेराबारा लगायतको अध्ययन गरिएको थियो । जसलाई तपसील अनुसारका शिर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१ विद्यार्थी संख्या सम्बन्धि विवरण

विद्यालयको भौतिक अवस्था फर्निचर लगायतको तुलनामा विद्यार्थी संख्याको अनुपातमा के कस्तो छ भन्ने उद्देश्यका साथ नमुनामा परेका समग्र प्राथमिक विद्यालयहरुका विद्यार्थी संख्याको विवरण सङ्कलन गरिएको थियो जसलाई निम्नअनुसारको तालिकामा देखाइएको छ ।

तालिकाः ३

विद्यार्थी संख्या सम्बन्धि विवरण

| क्र.सं. | विद्यालयको नााम | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | १८ | |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | ३२ | |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | २३ | |
| ४ | सिंह देवी प्रा.वि. वोया | ६५ | |
| ५ | सरस्वती प्रा.वि. वोया | ३३ | |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | ५५ | |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | ४६ | |
| ८ | हजारे प्रा.वि. देउराली | ५७ | |
| ९ | फालिदाङसिङ्जोर प्रा.वि. देउराली | ६९ | |
| | जम्मा | ३९८ | |

माथि उल्लेखित तालिका अनुसार विद्यार्थी संख्या तुलनात्मक रुपमा कम पाइयो । त्यसमा पनि मनाकामना प्र.वि.मा १८ जना , सिद्धदेवी प्रा.वि.मा २३ जना मात्र पाइयो जुन रष्ट्रिय मापदण्ड वा शिक्षा नियमावलीको न्युनतम संख्या भन्दा पनि कम हो । त्यसैगरी फालिदाङ्सिङ्जोर प्रा.वि.मा ६९ जना विद्यार्थीहरु पाइयो ।

## ४.२.२ विद्यालयमा फर्निचर सम्बन्धि विवरण

विद्यालयहरुमा विद्यार्थी अनुकूल र अनुपातमा फर्निचरहरु छन् कि छैनन् भन्ने उद्देश्यले नमूनामा परेका विद्यालयहरुको फर्निचर सम्बन्धि विवरण सङ्कलन गरिएको थियो जसलाई निम्न बमोजिमको तालिकामा देखाइएको छ ।

तालिकाः ४

विद्यालयमा फर्निचर सम्बन्धि विवरण

| क.सं. | विद्यालयको नााम | डेक्स बेन्च | टेबल | कुर्सी | कालोपाटी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | १२ | ७ | १० | ४ | ८ | ४१ |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | १५ | ८ | १० | ५ | १२ | ५० |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | १३ | ६ | ८ | ३ | १० | ४० |
| ४ | सिंह देवी प्रा.वि. वोया | २० | ७ | १२ | ६ | १३ | ५९ |
| ५ | सरस्वती प्रा.वि. वोया | १२ | ८ | १० | ४ | १३ | ४७ |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | २१ | ४ | ९ | ६ | १२ | ५२ |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | २३ | ७ | १२ | ६ | १५ | ५३ |
| ८ | हजारे प्रा.वि. देउराली | २० | ६ | १० | ४ | १० | ४० |
| ९ | फालिदाङसिङ्जोर प्रा.वि. देउराली | २५ | ७ | ११ | ६ | १२ | ६१ |

माथिको तालिकाबाट नमुनामा परेका विद्यालयहरुको फर्निचर सम्बन्धि विवरण प्राप्त भएको र जसमा विभिन्न विद्यालयहरुमा उल्लेखित मात्रामा फर्निचर रहेको अन्य शीर्षकको फर्निचरको रुपमा विद्यालयमा भएका बाकस, दराज, टुल, लगायतका सामग्रीहरुको सङ्कलन गरिएको छ ।

## ४.२.३ फर्निचर र विद्यार्थीको अनुपात सम्बन्धि विवरण

नमुना छनोटमा परेका देउराली स्रोतकेन्द्र भोजपुरका विभिन्न ९ वटा प्राथमिक विद्यालयहरुका विद्यार्थी संख्या र फर्निचर जसमा डेस्कबेन्चको संख्या र विद्यार्थी संख्याको अनुपात निकाल्ने उद्देश्यका साथ निम्नानुसारको तालिका निर्माण गएिको छ ।

तालिकाः ५

फर्निचर र विद्यार्थीको अनुपात सम्बन्धि विवरण

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | डेक्स बेन्च | अनुपात |
|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | १८ | १२ | १ः १.५ |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | ३२ | १५ | १ : २.३ |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | २३ | १३ | १ : १.७ |
| ४ | सिंह देवी प्रा.वि. वोया | ६५ | २० | १ : ३.२५ |
| ५ | सरस्वती प्रा.वि. वोया | ३३ | १२ | १ : २.७५ |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | ५५ | २१ | १.२.६१ |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | ४६ | २३ | १ : २ |
| ८ | हजारे प्रा.वि. देउराली | ५७ | २० | १ः २.८५ |
| ९ | फालिदाङसिङ्जोर प्रा.वि. देउराली | ६९ | २५ | १ : २.७६ |
| | जम्मा | ३९८ | १६१ | १ : २.४७ |

उल्लेखित तालिका अनुसार नमुनामा परेका ९ ओटै विद्यालयका विद्यार्थी संख्या र उनीहरुको अनुपातमा डेक्स बेन्चको औषत १ : २.४७ अथवा एक सेट डेक्स बेन्च बराबर २.४७ जना विद्यार्थी पर्न आएका छन् । त्यसैले संख्यात्मक रुपमा विद्यार्थी अनुसार डेक्स बेन्च उपलब्ध रहेको पाइयो ।

## ४.२.४ विद्यालय भवन र विद्यालय जग्गा सम्बन्धि विवरण

भोजपुर जिल्लाका मध्ये उत्तरी भागमा पर्ने देउराली स्रोतकेन्द्र अर्न्तगतका ९ ओटा प्राथमिक विद्यालयहरुको भौतिक वातावरण सम्बन्धमा तयार गरिएको शोध कार्यका लागि

विद्यालय भवन र विद्यालयको जग्गाको पर्याप्तता सम्बन्धमा अध्ययन गर्ने उद्देश्यले लिएको तथ्याङ्कमा निम्नअनुसारको विवरणहरु प्राप्त भए ।

तालिका : ६

विद्यालय भवन र विद्यालय जग्गा सम्बन्धि विवरण

| क.सं. | विद्यालयको नााम | जग्गाको क्षेत्रफल | भवन संख्या | कक्षाकोठा संख्या |
|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | १ रोपनी भन्दा कम | १ | ४ |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | १ रोपनी | १ | ६ |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | १.५ रोपनी | १ | ६ |
| ४ | सिंह देवी प्रा.वि. वोया | १ रोपनी भन्दा कम | २ | ७ |
| ५ | सरस्वती प्रा.वि. वोया | १० रोपनी भन्दा बढी | १ | ६ |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | १.५ रोपनी | २ | ८ |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | २ रोपनी | २ | ८ |
| ८ | हजारे प्रा.वि. देउराली | १ रोपनी भन्दा कम | १ | ६ |
| ९ | फालिदाडसिङ्जोर प्रा.वि. देउराली | २.५ रोपनी | २ | ८ |

उल्लेखित तालिका अनुसार धेरै जसो विद्यालयहरुमा विद्यालयको जग्गा कम रहेको पाइयो । जहा सरदरमा सरस्वती प्रा. वि. वोयाको १२ रोपनी जग्गा बोहक अन्य विद्यालयहरुको १/१.५ रोपनी क्षेत्रफलको मात्र जग्गा रहनुले विद्यालय जग्गाको हिसाबमा कमजोर रहेको पाइयो तर प्राथमिक विद्यालय त्यसमा पनि न्युन विद्यार्थी संख्याको हिसावले हेर्दा व्यवहारिक रुपले सबल नै देखिन्छ । त्यसैगरी कक्षाकोठा र भवनको संख्या भने विद्यार्थी संख्याको तुलनामा सन्तोषजनक अवस्थामा पाइयो ।

## ४.२.५ खेलमैदान सम्बन्धि विवरण

नमुना छनोटमा परेका विद्यालयहरुमा खेल मैदानको अवस्था र पर्याप्तताको अवस्था बुझ्नका लागि तयार गरिएको अवलोकन फारामको आधारमा सङ्कलन गरिएको तथ्याङ्कलाई निम्न अनुसारको तालिकामा देखाइएको छ ।

तालिकाः ७

खेलमैदान सम्बन्धि विवरण

| क.सं. | विद्यालयको नाम | पर्याप्त/सहज | अपर्याप्त /असहज | कै |
|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | | √ | |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | √ | | |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | √ | | |
| ४ | सिंह देवी प्रा.वि. वोया | √ | | |
| ५ | सरस्वती प्रा.वि. वोया | √ | | |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | | √ | |
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | √ | | |
| ८ | हजारे प्रा.वि. देउराली | √ | | |
| ९ | फालिदाङसिङ्जोर प्रा.वि. देउराली | √ | | |

उल्लेखित तालिका अनुसार मनाकामना प्रा.वि. र लक्ष्मी प्र.वि.मा खेलकुदका लागि विद्यार्थीको तुलनामा खेल मैदानको अभाव देखियो । जसमा मनकामना प्रा.वि. थोरै जग्गा त्यसमा पनि झाडीले घेरिएको र लक्ष्मी प्रा.वि. खेतैखेतको बीचमा रहेकोले सीमित ठाउमा खेलहरु खेल्नु पर्ने बाध्यता देखियो भने बाकी विद्यालयहरुमा खेलमैदानको अवस्था सन्तोषजनक पाइयो । कतिपय विद्यालयहरुमा १ रोपनी भन्दा कम जग्गा भएतापनि विद्यार्थी संख्या न्युन भएका कारण त्यति ठुलो समस्या नरहेको पाइयो ।

## ४.२.६ खानेपानीसम्बन्धि विवरण

नमुना छनोटमा परेका भोजपुर जिल्लाको देउराली स्रोतकेन्द्र अन्तर्गतका प्राथमिक विद्यालयहरुको भौतिक वातावरण सम्बन्धि अध्ययन गर्ने क्रममा उक्त विद्यालयहरुमा खाने पानीको पर्याप्तता र स्वास्थ्यता सम्बन्धमा अवलोकन गर्दा निम्न अनुसारको तथ्याङ्क हरु प्राप्त भयो जसलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिकाः ८

खानेपानी सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्याप्त | ६ | ६६.६६% |
| २ | अपर्याप्त | ३ | ३३.३% |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिकामा पर्याप्त भन्नाले विद्यालयको कम्पाउण्ड भित्र धारा भएको उक्त धारामा विद्यालय समयमा जुनसुकै समयमा पनि पानी आइरहने वा विद्यालय हाता नजिकै पानीको मुहान र विद्यार्थी संख्याको अनुपातमा व्यवस्थित धाराहरु रहेको अवस्थालाई बुझिएको हो । जुन अवस्थामा जम्मा विद्यालय संख्याको ६.६६% रहेको र विद्यालयमा पर्याप्त खानेपानी नरहेको भन्नाले विद्यालय समय भरी विद्यालयको धारामा पानी नआउने पानी आएको समयमा पानीलाई ट्याङ्की वा अन्य कुनै भाडोमा सङ्कलन गरी चलाउनु पर्ने र संकलित पानी सकिएको बखत अन्यत्र पानी लिन जानु पर्ने अवस्था रहेको विद्यालयहरुलाई यस भित्र राखिएको छ । जस अन्तर्गत जम्मा ३.३३% विद्यालयहरु रहेको पाइयो ।

## ४.२.७ शौचालय सम्बन्धि विवरण

भोजपुर जिल्ला देउराली स्रोतकेन्द्र अन्तर्गतका नमुना छनोटमा परेका ९ ओटा प्राथमिक तहका विद्यालयहरुमा भौतिक अवस्थाको अध्ययन गर्दै प्रस्तुत गरिएको तथ्याङ्कमा प्रत्येक विद्यालयहरुमा शौचालयको अवस्था पत्ता लगाउने उद्देश्यले गरिएको अवलोकनमा निम्न अनुसार विवरण प्राप्त भयो ।

तालिकाः ९

शौचालय सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छात्रा,छात्र र शिक्षकको अलग अलग | १ | ११.११% |
| २ | छात्रा र छात्रलाई मात्र अलग | ७ | ७७.७७% |
| ३ | शिक्षक र विद्यार्थीलाई अलग | १ | ११.११% |
| ४ | सबैलाई एकैठाउमा | ० | ० |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिकाको आधारमा शिक्षक विद्यार्थी त्यसमा पनि छात्रा र छात्रको अलग अलग शौचालय भएको विद्यालय संख्या ११.११ प्रतिशत, शिक्षक विद्यार्थी नछुट्याइ २ ओटा शौचालय जसमा १ ओटामा छात्र वा पुरुष शिक्षक र अर्कोमा शिक्षिका र छात्राले प्रयोग गर्ने विद्यालयको संख्या ७७.७७% रहेको पाइयो भने दुई वटा शौचालय जसमा शिक्षक १ ओटा र विद्यार्थीले अर्को प्रयोग गर्ने विद्यालय ११.११% रहेको पाइयो । जहाँ शौचालय नै नभएको र भए पनि एउटा मात्र जसमा सबैले एकैठाउमा प्रयोग गर्ने संख्या भने शुन्य रहेको पाइयो । जसलाई सन्तोषजनक मान्न सकिएता पनि विद्यालयहरुमा शौचालयको पर्याप्तता भने पूर्ण रुपमा नभएको पाइयो ।

## २.२.८ विद्यालय घेराबारा सम्बन्धि विवरण

प्राथमिक तहका विद्यालयहरुको भौतिक अवस्थाको अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका भोजपुर जिल्ला देउराली स्रोतकेन्द्र अन्तर्गतका ९ ओटा विद्यालयहरुमा उक्त विद्यालयहरुको हाता वा विद्यालय कम्पाउण्ड घेराबारा भए नभएको अवलोकन गर्दा तपशिल बमोजिमको तथ्याङ्कहरु प्राप्त भए जसलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका: १०

विद्यालय घेराबारा सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घेराबारा भएको | ० | ० |
| २ | घेराबारा नभएको | ९ | १००% |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार नमुनामा परेका ९ ओटै विद्यालयहरुमा विद्यालय कम्पाउण्डमा घेराबारा हुन नसकेको अवस्था पाइयो । जसका लागि विद्यालय प्रशासनले अन्य दातृ निकायसँग पहल कदमी गरिरहेको बताए पनि उक्त क्षेत्रका छनोटमा परेका सबै विद्यालयहरुको कम्पाउण्ड खुल्लै रहेको र त्यसको परिणाम स्वरुप विद्यालयमा चरिचरण लगायतले शैक्षिक खेलकुद आदिमा बेलाबखत असर पर्ने गरेको पाइयो ।

## ४.२.९ विद्यालय भवनको अवस्था सम्बन्धि विवरण

विद्यालयको भौतिक पक्षको अध्ययन गर्ने क्रममा विद्यालय भवनको अवस्था कच्ची वा पक्की के छ भन्ने उद्देश्यका साथ नमूना छनोटमा परेका देउराली स्रोतकेन्द्र अन्तर्गतका ९ ओटा विद्यालयहरुको विद्यालय भवनको अवस्था सम्बन्धि अवलोकन गरिएको र उक्त अवलोकनबाट निम्न अनसारको अवस्था पत्ता लागेको थियो जसलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका: ११

विद्यालय भवनको अवस्था सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण कच्ची | २ | २२.२२% |
| २ | पूर्ण पक्की | ० | ० |
| ३ | रेट्रो फिटिङ् गरी प्रवलीकरण भएको | ४ | ४४.४४% |
| ४ | अर्धपक्की | ३ | ३३.३३% |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार नमुना छनोटमा परेका विद्यालयहरु मध्ये दुई वटा विद्यालयका विद्यालय भवनहरु पूर्ण रुपमा कच्ची रहेको पाइयो। जसमा विद्यालयका भित्ताहरु पूर्ण रुपमा ढुङ्गा र माटोको गाह्रोबाट बनाइएको र भुइ पनि माटो पुरेर बनाइएको पाइयो। जसलाई यस अध्ययनमा पूर्ण कच्ची भवनको रुपमा उल्लेख गरिएको छ। त्यसैगरी कुनै पनि भवन पूर्णरुपमा प्राविधिक सल्लाह र पूर्णरुपमा सिमेन्ट र छड प्रयोग गरेर बनाइएको पाइएन भने अध्ययन क्षेत्रका चार ओटा भवन रेट्रो फिटिङ गरिएका वा विद्यालय स्थापनाताका कच्ची बनाइएको भएता पनि पछि उक्त कच्ची भित्ताहरुको माटोको लीउन उक्काएर भित्तो पखाली तार जालीले बाधेर सिमेन्ट बालुवाको फिनिसिङ गरी तयार गरिएको विद्यालयहरुलाई रेटोफिटिङ गरिएको विद्यालयको रुपमा हेरिएको छ। त्यसैगरी अर्धकच्ची वा अर्ध पक्की भवन भन्नाले विद्यालय भवनहरु आदी पक्की वा कुनै पनि विद्यालयमा केहि भवन पूर्णरुपमा पक्की बनाइएको तर सोही विद्यालयका अन्य कुनै भवन पूर्ण अवस्थामा कच्ची रहेको समेत पाइएकाले सो अवस्थाका विद्यालय भवनहरुलाई अर्ध पक्की अवास्थामा रहेको भवनको रुपमा लिइएको छ। जुन अवस्थामा रहेका विद्यालयहरु ३३.३३% पाइयो।

## ४.२.१० विद्यालयमा खेल सामग्रीसम्बन्धि विवरण

भोजपुर जिल्ला देउराली स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरु मध्ये नमुना छनोटमा परेका उल्लेखित ९ ओटा प्राथमिक विद्यालयहरुमा विद्यार्थीका लागि आवश्यक पर्ने विभिन्न खेल सामग्रीहरुको उपलब्धता र पर्याप्तता सम्बन्धमा जानकारी प्राप्त गर्ने उद्देश्यले लिइएको तथ्याङ्कलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका : १२

विद्यालयमा खेल सामग्रीसम्बन्धि विवरण (संख्यामा)

| क्र.सं. | विद्यालयको नााम | भलिबल | फुटबल | व्याडमिन्टन | चेस | डोरी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | मनाकामना प्रा.वि. वोया | १ | ० | ० | २ | ७ | ३ | १३ |
| २ | मालिका राष्ट्रिय प्रा.वि. वोया | १ | १ | ० | ३ | १५ | ६ | २६ |
| ३ | सिद्धदेवी प्रा.वि. वोया | ० | १ | ० | ३ | ८ | ४ | १५ |
| ४ | सिंह देवी प्रा.वि. वोया | १ | १ | ० | ४ | १९ | ३ | २८ |
| ५ | सरस्वती प्रा.वि. वोया | ० | १ | १ | ५ | १० | ४ | २१ |
| ६ | लक्ष्मी प्रा.वि. साङ्पाङ् | १ | १ | ० | ४ | १३ | ६ | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | चण्डीका प्रा.वि. साङ्पाङ् | १ | १ | १ | ३ | १२ | ७ | २५ |
| ८ | हजारे प्रा.वि. देउराली | ० | १ | ० | २ | ८ | ३ | १४ |
| ९ | फालिदाडसिङ्जोर प्रा.वि. देउराली | १ | १ | ० | ४ | ९ | ६ | २१ |

यसरी माथि उल्लेखित तालिका अनुसार विभिन्न खेलकुदका सामग्री हरु विभिन्न विद्यालयहरुमा पाइयो । जसमा प्राप्त खेल सामग्रीहरु र विद्यार्थी संख्यालाई आधार बनाएर त्यसको पर्याप्ता सम्बन्धमा विचार गर्दा तपशिल अनुसारको तथ्याङ्क व्याख्या गर्न सकिन्छ । जसलाई निम्नअनुसारको तालिकामा देखाइएको छ ।

तालिकाः १३

विद्यालयमा खेल सामग्रीसम्बन्धि विवरण (पर्याप्तता)

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्याप्त | ५ | ५५.५५% |
| २ | अपर्याप्त | ४ | ४४.४४ |
| | जम्मा | ९ | १००% |

कुनै विद्यालयमा खेल सामग्रीको संख्याको तुलनात्मक रुपमा थोरै हुँदा पनि पर्याप्त नरहेको पाइयो । किनकी उक्त विद्यालयहरुमा विद्यार्थी संख्या समेत कमै छन् मनाकामना प्रा.वि. वोयामा जम्मा खेल सामग्री संख्या १३ थान रहेको पाइयो । जुन झट्ट हेर्दा कम हो । तर उक्त विद्यालयमा विद्यार्थी संख्या समेत १८ जना रहनुले खेल सामग्री पर्याप्त हुने गरेको पाइयो । यसरी नमुना छनोटमा परेका ९ ओटा प्राथमिक विद्यालयहरुमा जम्मा ५५.५५ प्रतिशत विद्यालयहरुमा विद्यार्थी संख्याको तुलनामा खेल सामग्री पर्याप्त रहेको पाइयो भने ४४.४४ प्रतिशत विद्यालयहरुमा खेल सामग्रीको तुलनामा विद्यार्थी संख्या बढी भएकाले सबै विद्यार्थीका लागि एकै समयमा खेल्न अपर्याप्त हुने गरेको पाइयो ।

### ४.२.११ विद्यालयमा पुस्तकालय सम्बन्धि विवरण

हालको सरकारी नीति अनुरुप सबै विद्यालयहरुमा पुस्तकालय यदि पुस्तकालय नभए पनि सानो आकारको पुस्तकालय Book Corner को अवधारणा अनुसार पुस्तकालय सम्बन्धि के कस्तो अवस्था छ भनेर अवलोकन गरिएको र सो अनुरुप निम्न अनुसारको तथ्याङ्कहरु प्राप्त भए जसलाई निम्न अनुसारको तालिकामा देखाइएको छ ।

तालिकाः १४

विद्यालयमा पुस्तकालय सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भएको | १ | ११.११ |
| २ | नभएको | ८ | ८८.८८ |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार विद्यालयले पुस्तकालयहरुलाई व्यवस्थित नगरेको पाइयो । जसअन्तर्गत पाठ्यपुस्तक ल्याउने र बाँडीदिने विभिन्न पत्रपत्रिका ल्याउने तर त्यसलाई व्यवस्थित रुपमा र्‍याक वा दराजमा व्यवस्थीत नगरेको पाइयो । पुस्तकालय सम्बन्धमा छनोटमा परेका ९ ओटा विद्यालयहरु मध्ये Book Corner को व्यवस्था गर्ने प्रयास जम्मा ११.११% विद्यालयमा र अन्य ८८.८९% विद्यालयहरुमाBook Corner को लागि खासै व्यवस्था नभएको पाइयो ।

### ४.२.१२ विद्यालयमा चमेना गृह सम्बन्धि विवरण

भोजपुर जिल्लाको मध्य उत्तरी क्षेत्रमा पर्ने देउराली स्रोतकेन्द्रका प्राथमिक तहका विद्यालयहरुमा भौतिक अवस्थाको अध्ययन गर्ने उद्देश्यका साथ तयार गरिएको प्रस्तुत शोधकार्य सञ्चालन गर्ने क्रममा उक्त क्षेत्रमा पर्ने नमुना छनोटमा परेका नौ ओटा विद्यालयहरुमा विद्यार्थीलाई सुरक्षित टिफिन खाजा खानको लागि व्यवस्थित चमेना गृह विद्यालय हातामानै भए नभएको अध्ययन गर्दा कुनै पनि विद्यालयहरुमा चमेना गृह नरहेको पाइयो भने कति विद्यालयबाट विद्यार्थी, शिक्षक टिफिनको समयमा नजिकै रहेको किराना पसलमा गई चाउचाउ लगायतका खाद्य वस्तुहरु खाने गरेको पाइयो । त्यसैगरी केही

विद्यार्थी वा करिव ५० % विद्यार्थी हरुले टिफिनमा खाजा नै नखाने गररेको पाइयो । खानेका लागि पनि उचित स्थानको व्यवस्था नभएको पाइयो । जुन विवरणलाई निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १५

विद्यालयमा चमेना गृह सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चाउचाउ विस्कुट किनेर खाने | २५ | १९.८४ |
| २ | घारबाट खाजा ल्याएर खाने | ३१ | २४.७० |
| ३ | साथीसँग कहिलेकाही मागेर खाने | ६ | ४.७६ |
| ४ | टिफिन खाजा नखाने | ६४ | ५०.७९ |
|  | जम्मा | ९ | १००% |

उल्लेखित तालिकामा नमुना छनोटमा परेका प्रत्येक विद्यालयका सम्पूर्ण विद्यार्थीहरु मध्ये १४/१४ जना छनोट गरी जम्मा ९ ओटा विद्यालयका १२६ जना विद्यालयलाई नमुनाको रुपमा लिइएकोमा उक्त विद्यार्थी मध्ये २५ जना वा १९.८४ विद्यार्थीहरु घरबाट पैसा ल्याई चाउचाउ विस्कुट लगायतका किराना सामान किनेर खाने गरेको, ३१ जना अर्थात २४.७० प्रतिशत केटाकेटीहरु घरबाट खानेकुरा ल्याएर खाने गरेको त्यसैगरी ६ जना वा ४.६७ प्रतिशत केटाकेटीहरु साथीसँग मागेर खाने गरेको र ६४ जना अर्थात ५०.७९ % बालबालिका चाहि टिफिनमा केहि नखाने गरेको पाइयो । खाजा खाने बालबालिका समेत सुरक्षित खाने कक्ष नभएकाले जहाँ पायो त्यहि धुलो मैलोसँग खेल्दै खाने गरेको पाइयो ।

## ४.३ विद्यालयमा उपलब्ध भौतिक अवस्थाको व्यवस्थापन सम्बन्धि विवरण

देउराली स्रोतकेन्द्र भोजपुरका उल्लेखित नमुना छनोटमा परेका प्राथमिक विद्यालयहरुको भौतिक पक्षको अवस्था त्यसको संख्या, उपलब्धता सम्बन्धमा उल्लेखित अनुसारका विभिन्न बुदा तथा पक्षहरुमा चर्चा गरिसके पछि अव उक्त भौतिक वस्तुहरुको व्यवस्थापनमा कत्तिको बालमैत्री छन् भन्ने उद्देश्यका साथ निम्न अनुसारका बुँदाहरुमा भौतिक वस्तुको व्यवस्थापन सम्बन्धमा चर्चा गरिएको छ ।

### ४.३.१ डेक्स बेन्च रखाई व्यवस्था सम्बन्धि विवरण

नमुना छनोटमा परेका विद्यालयहरुमा विद्यार्थीको अनुपातमा पर्याप्त डेक्सबेन्च पाइएतापनि उक्त डेक्स बेन्चको कक्षाकोठामा के कस्तो व्यवस्थापन गरिएको छ । डेक्स बेन्च लगायतका फर्निचरहरु के कसरी व्यवस्थापन गरिएको छ । पत्ता लगाउने उद्देश्यले गरिएको अवलोकनमा निम्न अनुसारको विवरणहरु पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका : १६

डेक्स बेन्च रखाई व्यवस्था सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यार्थीको आकार अनुसार | ४ | ४४.४४ |
| २ | कक्षाकोठामा अग्लो होचो क्रममिलाएर | ४ | ४४.४४ |
| ३ | जतापायो तेतै | १ | ११.११ |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार उल्लेखित तालिका अनुसार विभिन्न विद्यालयहरुमा विभिन्न तरिकाबाट फर्निचर व्यवस्थापन गरेको पाइयो । जसअन्तर्गत विद्यार्थीको आकार अनुरुपको डेक्स बेन्च व्यवस्थापन भन्नाले साना विद्यार्थी भएको कक्षामा साना डेक्सबेन्च र ठुला विद्यार्थी भएको कक्षामा ठुला डेक्स बेन्च भन्ने अर्थले हेर्दा प्राय सबै विद्यालयहरुमा यसरी नै व्यवस्थापन गरेको पाइयो । तर बसाइका क्रममा ठुला बेन्चमा साना र सानामा ठुला समेत पाइएकाले शुद्धरुपमा विद्यार्थीको आकारको अनुपातमा डेक्सबेन्च व्यवस्थापन गर्ने विद्यालय ४४.४४ प्रतिशत, डेक्सबेन्चको आकार अनुपातमा अग्लो होचो मिलाएर राख्ने विद्यलायहरुहरु पनि ४४.४४ प्रतिशत पाइयो । यो दुवै स्वास्थ र बालबालिकाको हिसावले मैत्रीपूर्ण मान्न सकिन्छ । तर ११.११ प्रतिशत विद्यालयहरुमा भने डेक्स बेन्चको व्यवस्थापन राम्रो भएको पाइएन । वा बेन्चहरु अग्लो होचो क्रम नमिलाई विद्यार्थी मैत्री नहुने गरी राखेको पाइयो ।

## ४.३.२ विद्यालय तथा कक्षाकोठामा डस्बिन सम्बन्धि विवरण

भोजपुर जिल्लाको मध्य उत्तरी भागमा पर्ने देउराली स्रोतकेन्द्र अन्तर्गतका विभिन्न प्राथमिक विद्यालयहरु मध्ये नमुना छनोटमा परेका ९ ओटा विद्यालयहरुको भौतिक अवस्था सम्बन्धमा गरिएको यस शोध कार्यका लागि उक्त विद्यालयहरुमा सरसफाइ सम्बन्धमा आधारित रहेर विद्यालयको कक्षाकोठा वा हातामा डस्विनको व्यवस्था सम्बन्धमा गरिएको अवलोकनबाट निम्न बमोजिमको विवरणहरु प्राप्त भयो । जसलाई निम्नअनुसारको तालिमामा उल्लेख गरिएको छ ।

तालिका १७

विद्यालय तथा कक्षाकोठामा डस्बिन सम्बन्धि विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयमा एक ठाउमा मात्र | ५ | ५५.५५ |
| २ | प्रत्येक कक्षाकोठामा | ३ | ३३.३३ |
| ३ | व्यवस्थानै नभएको | १ | ११.११ |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार विद्यालयमा प्रत्येक कक्षाकोठामा डस्विनको व्यवस्था नगरिएको तर विद्यालय वा कक्षाकोठाबाट उत्सर्जित फोहोर महिलालाई विद्यालयकै कुनै निश्चित स्थानमा सङ्कलन गर्ने गरिएको विद्यालयहरुको संख्या ५५.५५ प्रतिशत रहेको पाइयो । त्यसैगरी विद्यालय हातामा एक व्यवस्थित खाल्डो सहित प्रत्येक कक्षाकोठामा डस्विनको व्यवस्था भएका विद्यलाय संख्या ३३.३३ प्रतिशत रहेको पाइयो भने विद्यालयमा त्यस्ता कुनै पनि किसिमका फोहोर सङ्कलनका लागि व्यवस्था नभएका विद्यालयहरु ११.११ प्रतिशत पाइयो । त्यसैगरी विद्यालयहरुले संकलित फोहोरलाई निश्चित स्थानमा जलाउने गरेको समेत पाइयो ।

## ४.३.३ शौचालयमा साबुन पानीको पर्याप्तता सम्बन्धि विवरण

विद्यालयमा शौचालय धारा लगायतका भौतिक सुविधाहरु हुँदाहुँदै पनि कहिँकतै शौचालय भित्रै पानीको धारा हुने त कहि कतै धाराबाट पानी बाल्टी लगायत अन्य कुनै

सामग्रीमा बोकेर शौचालय सम्म जानु पर्ने साथै शौचालय सम्म पानी बोकेर लैजादा पर्याप्त रुपमा शौचालय सफा हुन नसकि त्यसबाट गन्ध आउने झिँगा भन्कने लगायतका समस्याहरु हुने गरेकाले उल्लेखित नमुना छनोटमा परेका विद्यालयहरुमा पानीको पर्याप्तता र प्रयोग सम्बन्धमा केही तथ्याङ्क हरु सङ्कलन गर्ने जमर्को गरे अनुरुप निम्न अनुसारको विवरणहरु प्राप्त भयो । जसलाई निम्नअनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका: १८

शौचालयमा पानीको पर्याप्तता सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शौचालय भित्रै धारा भएको | २ | २२.२२ |
| २ | बाहिरबाट पानी बोकेर लैजाने | ७ | ७७.७७ |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार विद्यालयको शौचालय निर्माण गर्दा शौचालयमा धाराको व्यवस्था गरी शौचालय भित्रै पानीको सुविधा भएका विद्यालयहरु छनोटमा परेका कुल विद्यालय संख्याको २२.२२ प्रतिशत र शौचालय भित्र धाराको व्यवस्था नभई बाहिरबाट बाल्टी, जग लगायतमा पानी बोकेर लैजानु विद्यालयहरु ७७ .७७प्रतिशत रहेको पाइयो । जसले गर्दा प्राथमिक तहका बालबालिकाहरुलाई शौचालय सम्म पानी लैजान असहज रहेको पाइयो । त्यसैगरी विद्यालयमा शौच गरी सकेपछि हात धुनका लागि धारा लगायत हात धने स्थानमा साबुनको व्यवस्था सम्बन्धमा गरिएको अध्ययनमा निम्न अनुसारको विवरणहरु पाइयो । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १९

शौचालयमा साबुनको पर्याप्तता सम्बन्धि विवरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हात धुन साबुनको व्यवस्था भएको | ४ | ४४.४४ |
| २ | हात धुन साबुनको व्यवस्था नभएको | ५ | ५५.५५ |
| | जम्मा | ९ | १००% |

माथिको तालिका अनुसार नमुना छनोटमा परेका ९ ओटा विद्यालयहरु मध्ये ४ ओटा वा ४४.४४ प्रतिशत विद्यालयहरुमा शौचालय वा अन्य सरसफाइ सकेपछि हात धुनको लागि साबुनको व्यवस्था भएको साथै बालबालिकालाई हात धुने गराईएको पाइयो भने ५ ओटा विद्यालय वा ५५.५५ प्रतिशतमा भने हात धुनको लागि साबुनको व्यवस्था नभएको पाइयो । तर हात धुने सस्कार भने प्रयोगमा रहेको पाइयो ।

### ४.३.४ कक्षाकोठामा बसाई व्यवस्थापन सम्बन्धि विवरण

हाल शैक्षिक परिवेशमा हरेक पक्षलाई बालमैत्री बनाउने प्रयासहरु भइरहेका छन् । त्यसै अनुरुपको बसाइ व्यवस्थापन समेत बालमैत्री हुनु जरुरी छ । त्यही तथ्यलाई आधार बनाउदै विद्यार्थीको बसाइ व्यवस्थापन सँग सम्बन्धित रहेर गरिएको अध्ययनमा नमुनामा परेका विभिन्न विद्यालयहरुको तल उल्लेखित बमोजिमको बसाइ व्यवस्थापन भएको पाइयो ।जसलाई निम्न अनुसारको तालिकामा देखाइएको छ :

तालिकाः २०

कक्षाकोठामा बसाई व्यवस्थापन सम्बन्धि विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रोटेशन सिस्टममा | ५६ | ४४.४४ |
| २ | निश्चित स्थानमा | ६० | ४७.६१ |
| ३ | जो पहिला आयो उही | १० | ७.९४ |
| | जम्मा | १२६ | १००% |

नमूना छनोटमा परेका विभिन्न ९ ओटा विद्यालयका विद्यार्थीहरुमध्ये नमुना मै परेका प्रत्येक विद्यालयका १४/१४ जना विद्यार्थीका दरले जम्मा १२६ जना विद्यार्थीलाई बसाइ व्यवस्थापनसाग सम्बन्धित रहेर सोधिएको प्रश्नमा कक्षामा रोटेशन वा राउण्डीङ सिस्टमले पालैपालो बस्छौं भन्ने विद्यार्थी संख्या ५६ जना वा ४४.४४ प्रतिशत, निश्चित स्थानमा वा करिव पूरै शैक्षिक सत्र भरी एउटै बेन्चमा वा एकै स्थानमा बस्छौं भन्ने बालबालिकाहरु कूल संख्याको ६० जना वा ४७.६१ प्रतिशत र जो पहिला आयो उही अगाडि बस्ने र पछाडी

आउने पछाडी नै बस्नु पर्ने भन्ने विद्यार्थी संख्या कुल विद्यार्थी संख्याको ७.९४ प्रतिशत रहेको पाइयो ।

### ४.३.५ विद्यालयको सरसफाइको अवस्था सम्बन्धि विवरण

नमुना छनोटमा परेका भोजपुरको देउराली स्रोतकेन्द्र अन्तर्गतका विभिन्न प्राथमिक विद्यालयहरुमा विद्यालयको कम्पाउण्ड, कक्षाकोठा, खेलमैदान, शौचालय, धारा लगायतको सरसफाइको अवस्था पत्ता लगाउने उद्देश्यले सम्बन्धित विद्यालयहरुको स्थलगत अवालोकन गर्दा निम्न अनुसारको विवरणहरु पाइयो । जसलाई तलको तालिकामा उल्लेखि गरिएको छ :

तालिकाः २१

विद्यालयको सरसफाइको अवस्था सम्बन्धि विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण सरसफाइ भएको | २ | २२.२२ |
| २ | मध्यम खालको | ४ | ४४.४४ |
| ३ | सामान्य सरसफाइ भएको | ३ | ३३.३३ |
| ४ | सरसफाईको व्यवथा नभएको | ० | ० |
|  | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार विद्यालयको स्थलगत अवलोकन गर्दा नमुनामा परेका विभिन्न विद्यालयहरु मध्ये २२.२२ प्रतिशत विद्यालय सरसफाइका दृष्टिले उत्कृष्टरुपमा रहेको पाइयो । जहाँ प्रत्येक कक्षामा डस्विन हुनुका साथै उपयुक्त ढंगले त्यसको प्रयोग रहेको, दैनिक जसो कक्षाकोठा बडार्ने, साप्ताहिक रुपमा विद्यालय वरिपरि भएका फोहोरहरु टिप्ने र व्यवस्थापन गर्ने गरेको पाइयो भने ४४.४४ प्रतिशत विद्यालयमा सरसफाइको अवस्था मध्यमखालको पाइयो । जुन विद्यालयहरुमा फोहोर व्यवस्थापन र सरसफाइका लागि विभिन्न कार्यक्रमहरु भएका पाइए । त्यसैगरी ३.३३ प्रतिशत विद्यालयहरुमा सरसफाइको अवस्था राम्रो नरहेको पाइयो । जहाँ शौचालय राम्रो सँग नपखालिएको कक्षाकोठा खेलमैदान लगायतका स्थानमा कागज, चाउचाउका खोलहरु यत्रतत्र छरिएको पाइयो । जसले सरसफाइका लागि पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४.३.६ अभिभावकहरुको विद्यालय प्रतिको मोह सम्बन्धि विवरण

विद्यालयको शैक्षिक लगायत भौतिक पक्षको स्तरिकरण तथा प्रवलिकरण्को लागि विद्यालयका अभिभावक तथा स्थानीय सरोकारवाला , विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक संघ लगायतको महत्वपूर्ण भूमिका रहन्छ । यही सेरोफेरोमा आधारित रहेर नमुना छनोटमा परेका विद्यालयका अभिभावक लगायतलाई तपाइ विद्यालयमा कति समयमा पुग्नु हुन्छ भनेर सोधेको थियौ । जस अनुरुप निम्न बमोजिमका उत्तरहरु प्राप्त भएका थिए । जसलाई तालिकामा देखाइएको छ ।

तालिकाः २२

अभिभावकहरुको विद्यालय प्रतिको मोह सम्बन्धि विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिनामा एक पटक वा सो भन्दा बढी | ४० | ३१.७६ |
| २ | विद्यालयले आमन्त्रण गरेको बेला मात्र | ४५ | ३५.७१ |
| ३ | विद्यालयबाट दिने सुविधा लिनमात्र | १५ | ११.९ |
| ४ | विद्यालयको वार्षिक उत्सवको दिन मात्र | २६ | २०.६३ |
| | जम्मा | १२६ | १००% |

उल्लेखित तालिका अनुसार नमुना छनोटमा परेका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघबाट ६ जना र अभिभावक मध्येबाट ८ जना गरी प्रत्येक विद्यालयका १४ जनाका दरले जम्मा १२६ जनालाई गरिएको प्रश्न अनुसार महिनामा एकपटक  वा सोभन्दा बढी विद्यालयमा उपस्थित भइ शैक्षिक लगायतका अन्य पक्षमा चासो राख्ने अभिभावक ४० जना वा ३१.७६ प्रतिशत रहेका त्यस्तै विद्यालयले चिठी पत्र पठाई आमन्त्रण गरेको बेलामात्र विद्यालयमा उपस्थित हुने अभिभावक संख्या ४५ जना वा ३५.७१ प्रतिशत र विद्यालयबाट प्रदान गरिएको सेवा सुविधाहरु जस्तो निशुल्क पाठ्यपुस्तक छात्रावृत्ति लगायत लिन मात्र विद्यालय जाने अभिभावकको संख्या १५ जना वा ११.९० प्रतिशत रहेको र बाँकी २०.६३ प्रतिशत अभिभावकहरु भने विद्यालयको बार्षिक उत्सवको बेलामात्र विद्यालयमा उपस्थित हुने गरेको पाइयो । यसरी अत्याधिक अभिभावकहरु शैक्षिक चासोले

नभई अन्य कारणले विद्यालयमा उपस्थिती जनाउनका लागि मात्र विद्यालय जाने गरेको पाइयो ।

## ४.३.७दैविक विपत्तीका दृष्टिले विद्यालय जग्गाको संरचना सम्बन्धि विवरण

पहाडी भेगमा आधारीत रहेर गरीएको प्रस्तुत शोधकार्यका लागि छनोट गरिएको विभिन्न ९ वटा प्राथमिक विद्यालयको भवन कक्षाकोठा, शौचालय धारा फर्निचर लगायतको अध्यापन अवलोकन प्रश्चात विद्यालय भवन रहेको जग्गाको भौगोलिक संरचना कस्तो छ । उक्त स्थानमा मुख्यतया पहिरोको कतिको जोखिम छ भन्ने लक्ष्यका साथ आधारित भएर गरिएको अवलोकनमा पहिरोको जोखिमका दृष्ट्रिले तपशिल बमोजिका विवरणहरु प्राप्त भए जसलाई निम्न बमोजिमको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २३

दैविक विपत्तीका दृष्टिले विद्यालय जग्गाको संरचना सम्बन्धि विवरण

| क.सं. | विवरण | सङख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पहिरोको जोखिम रहेको | ४ | ४४.४४ |
| २ | पहिरोको जोखिम नरहेको | ५ | ५५.५६ |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार नमुना छनोटमा परेका ९ वटा विद्यालयहरुमध्ये ४ वटा वा ४४.४४% पहिरोको दृष्ट्रिले जोखिम रहेको स्थानमा पाइयो जुन विद्यालयहरु धेरै भिरालो जग्गामा सम्मवनाएर निर्माण गरिएको र विद्यालय भवन देखि मास्तिर अग्लो कान्लो रहेको त्यसै गरी विद्यालयको वरीपरी ढाड रहेकोले त्यस्ता विद्यालयहरुमा अन्य विद्यालयको तुलनामा पहिरोको जोखिम रहेको मेलो अवलोकनको डहर रह्‍यो त्यसै गरि ५ वटा विद्यालय वा ५५.५६% विद्यालय भने फाटीलो जमिन वा टार परेको सम्म परेको जमिनमा रहेकाले उक्त विद्यालयहरुमा पहिरोको खतरा तुलनात्मक रुपमा कम रहेको पाइयो ।

## ४.३.८ विद्यालयमा शैक्षिक सामग्रीको रुपमा विधुतीय उपकरण सम्बन्धि विवरण

भोजपुर जिल्ला पहाडी जिल्ला त्यसमा पनि मध्य उत्तरी भेगमा रहेको देउराली स्रोतकेन्द्र अन्तर्गत रहेका विभिन्न प्राथमिक तहका विद्यालयहरु मध्ये नमुनामा परेका ९ ओटा विद्यालयहरुलाई आधार बनाई उक्त विद्यालयहरुको भौतिक अवस्था सम्बन्धि गरिएको सोधकार्यका लागि विद्यालयमा शैक्षिक सामग्री त्यसमा पनि आधुनिकतामा परिचित गराउन कम्प्युटर जस्ता विधुतिय सामग्रीको अवस्था अवलोकन गर्दा निम्न बमोजिमका विवरणहरु प्राप्त भए जसलाई निम्न बमोजिमको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २४

विद्यालयमा शैक्षिक सामग्रीको रुपमा विधुतीय उपकरण सम्बन्धि विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कम्प्युटर सुविधा भएको | १ | ११.११ |
| २ | कम्प्युटर सुविधा नभएको | ८ | ८८.८९ |
| | जम्मा | ९ | १००% |

उल्लेखित तालिका अनुसार नमुना छनोटमा परेका ९ ओटा प्राथमिक विद्यालयहरु मध्ये एक ओटामा मात्र कम्प्युटरको व्यवस्था रहेको पाइयो । जुन ११.११ प्रतिशत हुन आउछ भने बाकी ८ ओटा वा ८८.८९प्रतिशत विद्यालयहरुमा कम्प्युटर सम्बन्धि कुनै पनि व्यवस्था नभएको पाइयो । जसको परिणाम स्वरुप कम्प्युटरलाई शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्न त फरकै कुरा विद्यालयसँग सम्बन्धित विभिन्न तथ्याङ्कहरु भर्न वा अपडेट गर्न का लागि समेत शिक्षण कार्यलाई छाडेर अन्यत्र जान पर्ने बाध्यता रहेको पाइयो ।

## ४.४ प्राप्ति तथा सारांश

नमुना छनोटमा परेका भोजपुर देउराली स्रोतकेन्द्रका विभिन्न ९ वटा विद्यालयहरुको भौतिक अवस्थाको अध्यापन अवलाकेन गरि प्राप्त नतिजाहरुलाई उल्लेखित अनुरुपका शिर्षक उपशिर्षकमा व्याख्या गरिसकेपछि उक्त व्याख्या विश्लेषणबाट यस शोधकार्यका प्राप्ति र सारांशलाई छोटकरीमा निम्न अनुसार उल्लेख गरिएको छ ।

४.४.१ प्राप्ति

स्वास्थ्यपूर्ण भौतिक अवस्थाको अध्यापन गर्ने उदेश्यकासाथ पूर्वी पहाडी जिल्ला भोजपुरको मध्य उत्तरी क्षेत्रमा पर्ने देउराली स्रोतकेन्द्र अन्तर्गतका विभिन्न स्थानका ९ वटा प्राथमिक विद्यालयहरुलाई नमुनाका रुपमा छनोट गरी उक्त विद्यालयको भौतिक अवलोकन गरिनुका साथै अवलोकन प्राप्त नभएका विवरणहरु उक्त विद्यालयसँग प्रत्यक्ष रुपमा सरोकार राख्ने व्यक्तिहरुजस्तो शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानिय अभिभावक शिक्षाप्रेमी लगायत सँगको शोधखोज लगायतका क्रियाकलापबाट विद्यालयको भौतिक वातावरणको व्याख्या विश्लेषण गर्ने कार्य अनुरुप नै गरिएको छ ।

जसअनुरुप विद्यायको भौतिक अवस्थाको स्वास्थापूर्ण वा वालमैत्री विद्यालय भौतिक वातावरण सम्बन्धि धारणात्मक विवरण प्राप्त ग र्ने उद्देश्यले निर्माण गरिएको विभिन्न विवरण प्राप्त गर्ने उद्देश्यले निर्माण गरिएको विभिन्न अवलोकन सुचि र अन्तरवार्ताका लागि सुचीका आधारमा विभिन्न प्रश्नहरु सोध्दा ७.६३% उत्तरदाताले पर्याप्त जग्गा भएको विदालय त्यसैगरि ११.८% ले पर्याप्त डेक्स वेन्च भरको अवस्था ७४.३% ले भवन, जग्गा डेक्स वेन्च धा रा शौचालय लगायतको यथोचित व्यवस्था भएको विद्यालयको रुपमा लिएको र ६.२५% उत्तर दाताबाट भने स्वसपूर्ण भौतिक विद्यालय वातावरण सम्बन्धमा थाहा नभएको भन्ने उत्तर पाइयो । त्यसैगरि वालमैत्री विद्यालयको भौतिक वातावरण सम्बन्धमा प्रश्न गर्दा ६.२५% उत्तर दाताले विद्यार्थीलाई कुटपीट नगरी अध्यापन गराउने व्यवस्था हो भन्ने उत्तर दिए भने ८.३३ ले नियममा उल्लेख भए अनुरुप वालकेन्द्रीत शिक्षण गर्नुपर्ने भने उत्तर दिए त्यसैगरी ७९.१६% उत्तरदाताले नियम वमोजिम विद्यलायको भौतिकको सवलीकरण हो भन्ने उत्तर दिए र ६.२५% ले भने सो सम्बन्धमा थाहा छैन भन्ने उत्तर दिए यसबाट अधिकांस अभिभावक वालमैत्री विद्यालयको भौतिक वातावरण सम्बन्धमा परिचय राख्ने भए तापनि करीव २०% लाई भनि सो सम्बन्धमा जानकारी नरहेको पाइयो ।

अवधारणात्मक अवस्थाको जानकारी नमुनामा परेका शिक्षक विद्यार्थी अभिभावक लगायतसँग सङ्कलन गरिय जसमा सवभ न्दा कम १८ जना र सवभन्दा वढि ६९ जना विद्यार्थी भएका विद्यालय पाइयो त्यसैगरी हेवल कुर्शी डेक्स वेन्च टेवुल दराज लगायतको फर्निचरहरुको तथ्याङ्कलीदा सवैको जम्मा ४० वटा देखि अधिकमा ६१ वटा सम्म फर्निचर

विवरण पाइयो त्यसैगरी विद्यार्थीको तुलनामा फर्निचरको अनुपात सन्तोषजनक पाइयो औसतमा विद्यालयको जग्गा न्यून रहेको पाइयो जहाँ सरदर २ रोपनी जग्गा रहेको पाइयो ।

क) विद्यालयमा विद्यार्थी सङ्ख्याको तुलनामा खेलमैदानको अभाव नरहेको पाइयो, केही विद्यालयहरुमा पर्याप्त र जुन जुकै वेला पानी आउने धा रा रहेको पाइयो जुन ६६.६६% र पानी ट्याङ्कीमा जमाएर जग वाल्टीनमा थापेर कामचलाउने विद्यालयहरु ३३.३३% पाइयो ।

ख) शौचालय प्राय जिल्ला शिक्षाको अनुदानमा प्राप्त २ कोठे रहेको र उक्त २ कोठा मध्ये १ वटामा छात्र र अर्कोमा छात्राले प्रयोग गरेको पाइयो जुन शौचालय प्राय सवै विद्यालयहरुमा एउटै नमुनाको रहेको पाइयो ।

ग) नमुनामा परेका सवै विद्यालयहरुमा विद्यालय घेरावारा पूर्ण रुपमा नभएको पाइयो केही विद्यालयमा भने आंशिक रुपमा घेरावाराको सुरुवात भएको पाइयो ।

घ) विद्यालय भवन रोट्रोफिटिङ लगायत वा हालको भुकम्प प्रतिरोधि भवन नमुना क्षेत्रभरिका ० वटा पाइयो भने पूर्णरुपमा कच्चिभवन २ वटा पाइयो भने रेट्रोफिटीङ गरि प्रवलीकरण गरिएका भवनहरु ४ वटा वा ४४.४४% रहेको पाइयो त्यसैगरि अर्धपक्की जुन भवनमा भुई पक्की रहेतापनि भित्ताकच्ची र भित्रा पक्की वनिएका भुई कच्ची अवस्थामा रहेको भवन ३ वटा वा ३३.३३% रहेको पाइयो तर भुइभित्ता पक्की भए पनि सत प्रतिशत विद्यालय भवनको छाना भने टिनको रहेको पाइयो ।

ङ) विद्यालयमा खेल साम्रगी सम्बन्धि अध्यापन गर्दा अलिवल फुटवल व्याडमिन्टन, लुडो, डोरी लगायतका खेल सामाग्री पाइयो सम्पूर्ण खेल सामाग्रीहरु भन्दा मनकामना प्रा.वि. ने.पा मा सवैभन्दा कम १३ थान मात्र खेल सामाग्री पाइयो भने सवैभन्दा वढी सिंहदेवी प्रा.वि. वोयामा २८ थान खेलसामाग्री पाइयो ।

च) त्यसैगरी उक्त खेल सामग्रीहरुको पर्याप्तता सम्बन्धमा अध्ययन गर्दा ५५.५६% विद्यालयहरुमा सोमात्राका खेल सामग्री विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पाइयो भने ४४.४४ प्रतिशत विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा अपर्याप्त रहेको पाइयो ।

छ) विद्यालयहरुमा पुस्तकालय वा बुक कर्नरको अववधारणा अनुरुप अध्ययन गर्दा ८८.८९ प्रतिशत विद्यालयहरुमा बुक कर्नर नभएको र ११.११ प्रतिशत विद्यालयहरुमा भने बुक कर्नरलाई व्यवस्थित गर्ने प्रयास भएको पाइयो ।

ज) विद्यालयहरुमा चमेना गृहतथा टिफिन खाजा सम्बन्धमा गरिएको अवलोकन तथा अन्तरवार्तामा कुनै पनि विद्यालयहरुमा चमेनागृह नभएको र नमुनामा परेका विद्यार्थीहरु मध्ये १९.८४ प्रतिशत विद्यार्थीहरुले टिफिनमा चाउचाउ, बिस्कुट, किनेर खानेगरेको २४.७० प्रतिशत विद्यार्थीहरुले घरबाट खानेकुरा ल्याएर खाने गरेको ४.४७ प्रतिशत विद्यार्थीहरुले साथीहरुसँग मागेर खाने गरेको र ५०.७९प्रतिशत विद्यार्थीहरुले टिफिन नखानेगरेको पाइयो । साथै खानाको लागि उपयुक्त स्थान नभएकोले असुरक्षित तवरबाट खानपान गरेको पाइयो ।

झ) विद्यालयमा बसाइ व्यवस्थापनकालागि डेक्स बेन्चको रखाइ व्यवस्थालाई अवलोकन गर्दा ४४.४४ प्रतिशत विद्यालयहरुमा विद्यार्थीको आधार अनुरुप डेक्स बेन्चहरुको कक्षा कोठामा व्यवस्थापन गरेको पाइयो । त्यस्तै ४४.४४ प्रतिशत विद्यालयहरुमा बेन्च अग्लो होचो मिलाएर राखेको पाइयो भने ११.११ प्रतिशत विद्यालयह रुमा बेन्चको कुनै पनि क्रम निमिलाई राखेको पाइयो ।

ञ) सरसफाइ तथा डस्बिनसँग सम्बन्धित रहेर अध्ययन गर्दा ५५.५६ प्रतिशत विद्यालयहरुमा विद्यालयले कुनै एक निश्चित स्थानमा फोहोर फाल्ने व्यवस्था मिलाएको ३३.३३प्रतिशत विद्यालयहरुले भने एक निश्चित स्थानसँगै प्रत्येक कक्षामा डस्बिनको व्यवस्था गरेको र ११.११ प्रतिशत विद्यालयहरुमा फोहोरमैला व्यवस्थापनका लागि सामाग्रीहरुको व्यवस्था नगरेको पाइयो ।

ट) त्यसैगरी प्रत्येक विद्यालयहरुमा शौचालयको व्यवस्था भएतापनि उक्त स्थानमा सबै विद्यालयले पानीको व्यवस्था गर्न नसकेको पाइयो । जहाँ २२.२२ प्रतिशत विद्यालयहरुका शौचालय भित्रै धारोको व्यवस्था गरेको र बाकी ८८.८८ प्रतिशत विद्यालयहरुमा भने शौचालय बाहिर बाट बाल्टिन, जग लगायत सामग्रीमा पानी बोकेर लैजानु पर्ने व्यवस्था रहेको पाइयो ।

ठ) त्यसैगरी शौचालय वा अन्य क्रियाकलाप पश्चात हातधुनका लागि साबुनको व्यवस्था भए नभएको अध्ययन गर्दा ४४.४४ प्रतिशत विद्यालयले साबुनको व्यवस्था गरेको र ५५.५६प्रतिशत विद्यालयहरुले हात धुन साबुनको व्यवस्था नगरेको पाइयो ।

ड) विद्यालयमा कक्षाकोठाको बसाइ व्यवथापन सम्बन्धमा अध्ययन गर्दा ४४.४४प्रतिशत बालबालिकाहरु कक्षामा रोटेसन सिस्टमले दैनिक ठाउ परिवर्तन गरी बसेको पाइयो । ४७.६१ प्रतिशत बालबालिकाहरु कुनै एक निश्चित स्थानमा बस्ने र ७.९४ प्रतिशत बालबालिकाहरु जो पहिला आयो ऊ अगाडि बस्ने गरेको पाइयो ।

ढ) विद्यालयमा डस्बिन कुचो लगायतको व्यवस्था भएतापनि केहि विद्यालयहरुमा त्यसको उचित प्रयोग नहुने गरेको पाइयो ।जहाँ २२.२२ प्रतिशत विद्यालयहरुमा सरसफाइका दृष्टिले पूर्ण रहेको र ४४.४४ प्रतिशत विद्यालयहरु मध्यम र ३३.३३ प्रतिशत विद्यालयहरु सरसफाइएको दृष्टिले कमजोर पाइयो ।

ण) अभिभावकहरुको विद्यालयप्रीत चासो र उपस्थितिका सम्बन्धमा अध्ययन गर्दा ३१.७६ प्रतिशत अभिभावकहरु विद्यालयमा नियमित रुपमा चासोका साथ उपस्थित हुने गरेको र बाकी ३५.७१ प्रतिशत विद्यालयले आमन्त्रण गरेको बेलामात्र ११.९० प्रतिशत अभिभावकहरु विद्यालयबाट उपलब्ध गराइने सेवा ग्रहण गर्न मात्र त्यस्तै विद्यालय आउनका लागि २०.६३प्रतिशत अभिभावक हरु ले भने विद्यालयको बार्षिक उत्सव नै कुर्ने गरेको पाइयो ।

त) भौगोलिक रुपमा विद्यालयलाई पहिरो लगायतको जोखिम सम्बन्धि अध्ययन गर्दा ४४.४४ प्रतिशत विद्यालयहरु पहिरोको जोखिममा रहेको साथै ५५.५६प्रतिशत विद्यालयहरुमा भने पहिरोका खासै जोखिम नरहेको पाइयो ।

थ) विद्यालयहरुमा शैक्षिक सामग्रीको रुपमा कम्प्युटर लगायतका विधुतिय सामग्री भए नभएको अवलोकन गर्दा ८८.८९ प्रतिशत विद्यालयहरुमा कम्प्युटर नभएको र ११.११ प्रतिशत विद्यालयहरुमा भने कम्प्युटर रहेको पाइयो । जसले गर्दा विद्यालयहरुमा विद्यालयको तथ्याङ्कहरु अपडेट गर्न समेत कठिन रहेको पाइयो ।

### ४.४.२ सारांश

भोजपुर जिल्लाको उत्तरी स्रोतकेन्द्र देउराली अन्तर्गतका विभिन्न ९ ओटा प्राथमिक विद्यालयहरुलाई नमुनाको रुपमा छनोट गरी उक्त विद्यालयहरुको स्वास्थ्यपूर्ण भौतिक वातावरण सम्बन्धमा आधारित रहेर गरिएको प्रस्तुत शोधकार्य सम्पन्नताका लागि अन्तरवार्ता, अवलोकन लगायतको साधन निर्माण गरी सोही साधनको आधारमा विभिन्न तथ्याङ्कहरु सङ्कलन गर्ने कार्य गरिएको थियो । जसबाट प्रत्येक विद्यालयहरुमा तुलनात्मक रुपमा विद्यार्थी संख्या न्यून रहेको पाइयो भने स्वास्थ्यपूर्ण विद्यालयको भौतिक वातावरण सम्बन्धि जानकारी समेत थोरै मात्र अभिभावकहरुलाई रहेको पाइयो । विद्यार्थीहरुमा विद्यार्थी संख्याको तुलनामा खेल सामग्री फर्निचर विद्यालय भवन खेल मैदान पर्याप्त रहेको पाइयो ।

अन्त्यमा प्रस्तुत अध्ययन विद्यालयको भौतिक अवस्थाको व्यवस्थापन सम्बन्धमा शिक्षा नियमावली भवन ऐन लगायतको सर्वमान्य सिद्धान्त वा नियम बमोजिमका भौतिक पूर्वाधारहरुको अवस्थासँग सम्बन्धित रहेर सम्पन्न गर्ने जमर्को गरिएको थियो । अध्ययन वा शोधकार्य सम्पन्नताका लागि आफ्नै सक्रियतामा उक्त विद्यालयहरुका प्रधानाध्यापक शिक्षक कर्मचारी, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत स्थानीय शैक्षिक सरोकारवाला लगायतको सहयोगमा उनीहरुसँग प्रत्यक्ष कुराकानी पशामर्श सरसल्लाह र स्थलगत अवलोकनबाट विभिन्न शीर्षकमा तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । त्यस्तै गरी आफूलाई सहज हुने किसिमले उद्देश्यमूलक नमुना छनोटका आधारमा उक्त स्रोतकेन्द्र अन्तर्गतका ९ ओटा विद्यालय छनोट गरिएको जसमा शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अभिभावक संघ, स्थानीय शैक्षिक सरोकारवाला समेतलाई समेट्ने गरी प्रत्येक विद्यालयबाट ३० जना पर्ने गरी ९ ओटा विद्यालयका २७० जना, उक्त विद्यालयका अभिलेख हरुको अवलोकन र विद्यालयको स्थलगत अवलोकन लगायत बाट तथ्याङ्क सङ्कलन गरी उक्त कोरा तथ्याङ्कहरुलाई तालिकीकरण लगायतको सहयोगमा सरल सहज तरिकाले व्याख्या गर्दै उद्देश्य पूरा गर्दै निष्कर्षमा पुगिएको छ । तथ्याङ्क सङ्कलनका साधनहरु साथै विद्यालयको नाम ठेगाना लगायतको विवरण यसै शोधपत्रको परिशिष्टमा उल्लेख गरिएको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सिफारिस

## ५.१ निष्कर्ष

भोजपुर जिल्लाको विभिन्न स्रोतकेन्द्रहरु मध्ये मध्य उत्तरी स्रोतकेन्द्रहरु मध्ये देउराली स्रोतकेन्द्र अन्तर्गत रहेका २४ ओटा प्राथमिक विद्यालयहरु मध्ये उद्देश्यमुलक नमुना छनोटका आधारमा विभिन्न ९ ओटा प्राथमिक विद्यालयहरु छनोट गरी उक्त विद्यालयहरुको स्वस्थ्यपूर्ण भौतिक अवस्थाको सम्बन्धमा अध्ययन गरी प्रस्तुत गरिएको शोध कार्यका लागि नमुनामा परेका विद्यालयहरुको भवन, खेलमैदान, फर्निचर, खेलसामग्री, शौचालय, खानेपानी, पुस्तकालय, चमेनागृह, साथै उक्त पक्षहरुको सम्बन्धमा विद्यालयहरुले गरेका सकारात्मक तथा नकारात्मक प्रयोगको व्यवस्था सम्बन्धमा आधारित रहेर अध्ययन गर्दा अधिकांश विद्यालयहरुमा विद्यालयको जग्गा न्युनतम मापदण्ड वा ऐन बमोजिम कम रहेको त्यसैगरी शिक्षक र विद्यार्थीको मात्र विद्यालय हो जस्तो भावना रहेको जसको लागि विद्यालयहरुमा अभिभावक, वि.व्य.स., शि.अ.स. लगायतले नियमित अनुगमन तथा शैक्षिक परामर्श नगरेको विद्यालय भवनहरु ढुङ्गा र माटोबाट मात्र बनेका त्यसमा केही भवनहरु मात्र प्रवलीकरण भएका, आर.सी.सी. गरी रड र सिमेन्ट द्वारा पूर्ण पक्की भवनहरु नरहेको विद्यालयहरुमा सुविधा सम्पन्न चमेना गृह र पुस्तकालयको व्यवस्था नभएको कारण विद्यालयले त्यस तर्फ ध्यान दिनु पर्ने जरुरी देखिन्छ। त्यसैगरी समग्रमा विद्यालयहरु सञ्चालन रहेको विद्यालयमा न्यून भौतिक संरचना फर्निचर लगायत भएपनि तुलनात्मक रुपमा विद्यार्थी संख्या समेत न्युन रहेको हुनाले पर्याप्त नै हुने गरेको निष्कर्ष निकालिएको छ। विद्यालयमा औषत रुपमा जग्गाको अवस्था दयनीय रहेको छ। विद्यालयहरुमा विधुतिय शैक्षिक सामग्रीहरुको पहुँच ज्यादै न्यून रहेकोले विद्यालयबाट नियमित रुपमा प्रविष्ट गरिनु पर्ने विद्यालयका तथ्याङ्कहरु प्रविष्ट गर्न कठिनाई रहेको देखिन्छ। जसका लागि विद्यालय लगायत नियमनकारी निकायले त्यतातर्फ ध्यान दिनुपर्ने जरुरी रहेको देखिन्छ।

## ५.२ सिफारिसहरु

प्रस्तुत शोधकार्य सम्पन्न गर्दाका बखत शोधका लागि नमुनामा परेका विद्यालयहरुको प्रत्यक्ष अवलोकन शिक्षक विद्यार्थी अभिभावक, वि.व्य.स., शि.अ.स.

लगायत स्थानीय शैक्षिक सरोकारवालासँगको प्रत्यक्ष कुराकानीको सहयोगमा विभिन्न तथ्याङ्कहरु सङ्कलन गरी सोही आधारमा व्याख्या विश्लेषण गरी हेर्दा निम्न बमोजिमका सिफारिसहरु दिनु पर्ने देखिन्छ । जसलाई निम्न बमोजिम बुँदाहरुमा उल्लेख गरिएको छ ।

### ५.२.१ नीतिगत तहका लागि सिफारिस

प्रस्तुत अध्ययनबाट नीतिगत रुपमा नीति निर्माण तहका निकायहरुले निम्न बमोजिम कार्यहरु गर्नु पर्ने देखिन्छ :

१. विद्यालय भवन ऐन तथा शिक्षा नियमावलीको अनुसूची अनुरुप निर्माण गर्न लगाउनु, निर्माणका क्रममा नियमित अनुगमन गर्ने ।

२. विद्यालयहरुमा फर्निचर, बसाइ व्यवस्थापन, लगायत, नियम, अनुरुप, बालमैत्री भए नभएको अनुगमन गर्ने,

३. विभिन्न तथ्याङ्कहरु कम्प्युटरमा अपडेट गर्नु पर्ने नियम भएतापनि पूर्वाधार अभाव भएकाले नियमन कारी निकायले त्यता तर्फ ध्यान दिनुपर्ने जरुरी देखिन्छ ।

### ५.२.२ अभ्यासतहका लागि सिफारिसहरु

नीति निर्माण तहबाट नियमित अनुगमन तथा सुझाव नभएतापनि अभ्यास तहले समेत यस्ता आवशयकता तथा जोखिम न्युनीकरण गर्ने खालका कार्यहरु गर्न सक्नेछन् वा अभ्यास तह अर्थात विद्यालयहरुले तपशिल बमोजिमका कार्यहरु गर्न पर्ने आवश्यकता देखिन्छ :

१. विद्यालयमा सरसफाइको लागि विद्यार्थीलाई नै सक्रिय गराई विद्यालय हाता सफा राख्ने ।

२. विद्यालयकै कुनै एक निश्चित स्थानलाई खाजा खाने स्थलको रुपमा व्यवस्थीत गर्ने ।

३. विद्यालयमा शौचालय लगायत अन्य सरसफाइ सम्बन्धि क्रियाकलापको समाप्ती पछि हात धुन साबुनको व्यवस्था मिलाउने ।

४. विद्यालयले अभिभावक सचेतना जस्ता कार्यक्रमहरु गरी अभिभावकहरुलाई विद्यालय प्रति चासो राख्ने बनाउन प्रयास गर्ने ।

५. विद्यार्थीलाई बसाइ व्यवस्थापन विद्यार्थीको आकार उमेर अनुसार व्यवस्थीत गर्ने विद्यालयले अभिभावक चन्दादाता लगायतबाट स्रोत सङ्कलन गरी भौतिक व्यवस्थापनहरु जस्तो सामान्य घेराबारा, वृक्षारोपण जस्ता कार्य गर्नको लागि अग्रसर भई त्यस्ता कार्यहरुमा अन्य निकायसँगको मात्र पराधिनतालाई अन्त्य गर्ने ।

### ५.२.३ अनुसन्धान तहका लागि सिफारिसहरु

भविष्यमा उक्त क्षेत्र वा उक्त विषयमा अनुसन्धान गर्ने व्यक्ति वा निकायले निम्न बमोजिमको कार्यहरु गरे अझ प्रभावकारी हुने देखिन्छ :

१. प्रस्तुत शोधले ओगटे भन्दा अझ व्यापक क्षेत्र ओगटेर अध्ययन गर्नु पर्ने ।

२. नीति निर्माण तह र विद्यालय तह बीचको तालमेल तथा आपसी समन्वय सम्बन्धमा अध्ययन गरी निष्कर्ष निकाल्दा अझ प्रभावकारी हुने देखिन्छ ।

अध्ययन अनुसन्धान एक पटक र एक व्यक्तिले गरेर सकिने कुरा नभएकाले भोलिका दिनमा यही विषय शीर्षकलाई आधार बनाएर अझ व्यापक क्षेत्रलाई समेट्दै विभिन्न विद्यालयहरुको भौतिक व्यवस्थापनको तुलनात्मक अध्ययन, सरकारी र नीजि विद्यालयहरुको तुलना, दुई वा सो भन्दा बढी स्रोतकेन्द्रहरुका विद्यालयहरुको भौतिक वातावरणको अध्ययन गरी निष्कर्षमा पुग्दा अझ प्रभावकारी हुने देखिन्छ । त्यसैगरी विद्यालय स्वास्थ्य कार्यक्रमका अन्य पक्षहरु जस्तै मानसिक स्वास्थ्य, दिवा खाजा लगायतका पक्षमा अध्ययन अनुसन्धान गरी निष्कर्ष निकाल्दा वान्छनीय हुने देखिन्छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी केशवराज, वैष्णव प्रतिक र वास्तोला, पार्वति (२०६३), *माध्यमिक तह अध्यापन अनुमति पत्र परिक्षा दर्पण,* काठमाडौ : पैरवी प्रकाशन ।

गिरी, सुरेन्द्र (२०६५), *स्वास्थ्यको आधार,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

डा. पाण्डे, रोजनाथ(ND) *सुरक्षित विद्यालय अवधारणा*(ND) www.eduखबर.com

नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०७१), *त्रिवर्षिय योजना २०७०-२०७३,* राष्ट्रिय योजना आयोग काठमाडौ ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७१) *विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका २०७१,* काठमाडौ : www.moe.gov.np।

नेपाल सरकार शिक्षा मन्त्रालय, यूनिसेफ, विश्वशिक्षा, बालमैत्री विद्यालय (ND) *स्वास्थ्य र सुरक्षित विद्यालय बालमैत्री विद्यालय*(ND) , www.moe,gov,np।

नेपाल कानुन आयोग (२०६६) *भवन नियमावली(२०६६)* काठमाडौ : www.lawcommission.gov.np।

भण्डारी, कृष्णप्रसाद (२०५८), *सामान्य मनोविज्ञानको परिचय,* काठमाडौ एमके पब्लिर्स एण्ड डिस्ट्रिव्युटर्स ।

मुडवरी, नवराज र गौतम, कमल (२०६५), *स्वास्थ्यको आधार,* काठमाडौःजुपिटर प्रकाशन ।

वाग्ले, विष्णुप्रसाद र डा. बुढाथोकी, चित्रबहादुर (२०६८), *विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन,* काठमाडौ :

शिक्षा मन्त्रालय (२०७२), *शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५७,* काठमाडौ, हिमानी प्रकाशन ।

शर्मा चिरञ्जीवी र शर्मा निर्मला (२०६८), *शिक्षाका आधारहरु,* काठमाडौ : एम्. के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

Aryal, Susil (2006). *Sports facilities and their management in community run primary school*. Unpublished thesis, TU.Kritipur.

Neupane, Renuka (2006). *Health environment in school*.Unpublished thesis.TU.Kritipur.

Poudel, Sagar (2006). *Waste management and disposal in school*.Unpublished thesis.TU.Kritipur.

# अनुसूची एक

## तथ्याङ्क सङ्कलनका लागि तयार पारिएको अन्तरवार्ता सूचि

क) प्र.अ. तथा शिक्षकहरुकालागि

विद्यालयको नाम :

१. स्वास्थ्यपूर्ण भौतिक वातावरण भन्नाले के बुझ्नु हुन्छ ?

२. तपाइका विद्यालयको स्थान भवन तथा कक्षाकोठाहरु शिक्षा नियमावलीको अनुसुची ३ अनुरुपका छन् ?

३. विद्यालयका लागि चाहिने पूर्वाधारहरु नियमावली अनुरुप छन् कि छैनन्?

४. कक्षाकोठाको क्षेत्रफल औषतमा कति छ ?

५. विद्यालयको भवन भवन नियमावली २०६६ अनुरुप निर्माण गर्नु भएको छ ?

६. विद्यालयको भौतिक वातावरणको अवस्था कस्तो छ ?

क) उच्च ख) मध्यम ग) सामान्य घ) अपर्याप्त

७. विद्यालयको भवन आफ्नै छ ? र कति वटा भवनहरु छन् ?

८. कतिवटा कक्षा कोठाहरु छन् ?

९. विद्यालयको आफ्नो जग्गा कति छ ?

१०. तपाइको विद्यालयमा कक्षागत रुपमा कतिजना विद्यार्थीहरु छन् ?

| कक्षा | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| संख्या | | | | | |

११. फर्निचर सम्बन्धि विवरण कस्तो छ ?

| फर्निचर | डेक्सवेन्च | टेवल | कुर्सी | दराज | कालोपाटी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | | |

१२. खेल सामाग्री सम्बन्धि विवरण कस्तो छ ?

| सामाग्री | भलिवल | फुटवल | स्कीपिङ | लुडो | चेस | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | | |

१३. खानेपानीको धारा छ कि छैन ?

१४. शौचालय कतिव टा छ ? छात्राछात्र र शिक्षकका लागि अलग अलग छ कि छैन ?

१५. खेलमैदनको अवस्था कस्तो छ ?

क) पर्याप्त                ख) अपर्याप्त

१६. चमेनागृह छ कि छैन ?

१७. पुस्तकालय वा Book corner छ कि छैन ?

१८. कक्षाकोठाहरुमा वसाई व्यवस्थापन कसरी गर्नु भएको छ ?

## अनुसूची दुई

### विद्यार्थीका लागि तयार पारिएका प्रश्नहरु

विद्यार्थीको नाम :

१. तिमीहरुको कक्षामा कति जना विद्यार्थी छौ ?

२. डेक्स वेन्च कक्षाकोठामा पुग्ने गरी राखिएको छ ?

३. कालोपाटीमा लेखेको कुरा सवैले देख्न सक्छौ ?

४. तिमीहरु टिफीनमा के के खेलहरु खेल्न पाउछौ ?

५. तिमीहरु सबैले खेल्न पाउछौ की ठुलाहरुले मात्र खेल्छन् ?

६. केटा र केटीको छुट्टा छुट्टै शौचालयहरु छन् ?

७. शौचालय भित्रै पानीको धारा छ की बोकेर लानु पर्छ ?

८. बोकेर लैजानु पर्छ भने कति टाढा छ ?

९. तिमीहरु टिफिनमा के खान्छौ कि खादैनौ ?

१०. खान्छौ भने कहाँ वसेर खान्छौ ?

११. तिमीहरुको विद्यालयमा कथाहरुको पुस्तकहरु छ कि छैन? सर मिसले पढ्न दिनु हुन्छ कि हुन्न ?

१२. खानेपानीको धारा छ कि छैन ? धारामा सधै पानी आउछ ? पानी पिउनकालागि वालिटिन जग, गिलास के के को व्यवस्था छ ?

# अनुसूची तीन

वि.व्य.स., शि.अ.सं र अभिभावकहरुका लागि तयार गरिएको प्रश्नहरु

वि.व्य.स. ⁄ शि.अ.सं ⁄ अभिभावकको नाम :

१. तपाई महिनामा कति पटक विद्यालय जानुहुन्छ ?

२. त्यहाँको भौतिक व्यवस्थापन विद्यार्थी मैत्री छन ? किन ?

३. नानिहरु विद्यालय जान कतिको रमाउछन ?

४. विद्यालयले आफ्नो स्रोतले भ्याए सम्मको भौतिक व्यवस्थापन गरेको जस्तो लाग्छ कि लाग्दैन ? किन ?

५. विद्यालयहाता किन सरसफाइ गर्नु पर्छ होला ?

६. विद्यालयको भवन निर्माण गर्दा स्थानीय रुपमा गर्नु भाको होकी सम्बन्धित पक्ष वा इन्जिनियरको सल्लाह लिनु भएको थियो ?

## अनुसूची चार

## अवलोकन फारम

| क.सं. | अवलोकन गरिएको पक्ष | अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | पर्याप्त | अपर्याप्त | | | |
| १ | भवन | | | | | |
| २ | शौचालय | | | | | |
| ३ | कक्षाकोठा | | | | | |
| ४ | खेलमैदान | | | | | |
| ५ | खेलसामग्री | | | | | |
| ६ | फर्निचर | | | | | |
| ७ | खानेपानी | | | | | |
| ८ | घेराबारा | छ | छैन | | | |
| ९ | भवन | कच्ची | पक्की | | | |
| १० | कक्षाकोठामा डस्विन | छ | छैन | | | |
| ११ | विद्यालयहाता | फोहोर | सफा | | | |
| १२ | कक्षाकोठा व्यवस्थापन | धेरै राम्रो | राम्रो | सामान्य | असन्तोष जनक | |
| १३ | चमेनागृह | छ | छैन | | | |
| १४ | विद्यार्थी अनुपातमा फर्निचर | छ | छैन | | | |
| १५ | विद्यार्थी अनुपातमा कक्षाकोठा | छ | छैन | | | |
| १६ | कालोपाटी व्यवस्थापन | उपयुक्त | अनुपयुक्त | | | |
| १७ | विद्यालयमा पुस्तकालय | छ | छैन | | | |